# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

राजनीति क्षेत्रमा महिलाको सहभागितालाई ३३% आरक्षण गर्दै राज्यले व्यवस्था मिलाई पुरुषको हाराहारीमा पुऱ्याउन नसक पनि हरेक क्षेत्रमा महिलाको सहभागिता भनिरहेको पाइन्छ । मानवले प्राप्त गर्ने नैसर्गिक अधिकारहरूमध्ये सम्पत्ति सम्बन्धी अधिकार पनि एक  हो । मानिसहरू इज्जतपूर्वक बाँच्न र आफ्नो प्रतिभा विकास गर्नको लागि सम्पत्तिको महत्वपूर्ण भूमिका हुन्छ । सम्पत्तिबिना मानिस जीउनसम्म नसक्ने हुनाले यसको सर्वाधिक महत्व रहेको हुन्छ । अझ नारीलाई त सम्पत्ति अधिकारबाट वञ्चित गर्न नै हुँदैन । यसरी मनुष्यलाई आफ्नो अस्तित्व कायम राखेर बाँच्नको लागि उसलाई अपरिहार्य आवश्यकताको रूपमा साम्पत्तिक अधिकारलाई व्यवस्था हुनु आवश्यक ठानिन्छ ।

प्रारम्भमा महिलाको सम्पत्ति सम्बन्धी अधिकारलाई त्यति महत्व दिइएको थिएन । समयको विकाससँगै नारी पनि यस समाजका अभिन्न अंग भएकाले तिनलाई पनि सम्पत्ति लगायतका अधिकारबाट विमुख गरेमा समाजमा अहित हुनेछ भन्ने तथ्यलाई मनन गरी यसलाई विशेष जोड दिएको पाइन्छ । मानव अधिकारको विश्वव्यापी घोषणा पत्रले प्रत्येक व्यक्तिलाई सम्पत्ति सम्बन्धी अधिकार हुने व्यवस्था गरेको छ । त्यसैगरी संयुक्त राष्ट्र संघले विभिन्न अभिसन्धिहरू मार्फत महिलालाई सम्पत्ति लगायतका अधिकारहरूका बारेमा व्यवस्था गरेको छ ।

प्रारम्भमा नेपाली समाजले महिलाहरूलाई सदैव दोस्रो दर्जाका ठान्ने हुनाले उनीहरूलाई सम्पत्ति लगायत अन्य अधिकारका बारेमा त्यति महत्व दिएको थिएन । तर चेतनाको विकाससँगै नारीले पनि सम्पत्तिको अधिकारको उपभोग गर्न पाउनु पर्दछ भनी आवाज बुलन्द हुन पुगेको र अन्तर्राष्ट्रिय संघसंस्थाको निरन्तर दवाव एवम् प्रयासका कारण नेपालमा महिलाहरूले पनि सम्पत्ति लगायतका अन्य अधिकार प्राप्त गर्ने गरेका छन् ।

नेपालमा सर्वप्रथम १९१० मा जंगबहादुर राणाको पालामा मुलुकी ऐन बनी केही सीमित सम्पत्ति सम्बन्धी अधिकार महिलालाई प्रदान गरेको थियो । त्यसैगरी २००७ सालको

अन्तरिम शासन विधान २००४, नागरिक अधिकार ऐन, २०१२, नेपाल अधिराज्यको संविधान २०१५, नेपालको संविधान २०१९, नेपाल अधिराज्यको संविधान २०४७, नेपालको अन्तरिम संविधान २०६३, मुलुकी ऐन २०२० ले महिलाहरूलाई क्रमशः अधिकार सम्पन्न बनाउँदै लगेको पाइन्छ । खासगरी मुलुकी ऐनको एघारौँ संशोधनले सर्वप्रथम छोरी ( अविवाहित) लाई छोरा सरह अधिकार अंशमा प्राप्त हुने व्यवस्था गरी नारीलाई पनि सम्पत्तिमा हक हुने छ भन्ने कुराको प्रत्याभूति गरेको पाइन्छ । त्यसै गरी लैङ्गिक समानता सम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने कानुनले महिला तथा पुरुषका बिच भेद रहेका अधिकांश कानुनलाई खारेज तथा संशोधन गरी महिलालाई पुरुष सरह समान अधिकार प्रदान गर्ने व्यवस्थालाई आत्मसात गरेको पाइन्छ ।

नेपालको अन्तरिम संविधान २०६३ ले त महिलालाई सम्पत्ति लगायत अधिकारका बारेमा व्यापक व्यवस्था गरी संवैधानिक सुरक्षाको प्रत्याभूति समेत गरेको छ । यसले महिलालाई राज्यका विभिन्न तह र तप्कामा पुऱ्याउने घोषणा समेत गरेको छ ।

नेपाली महिलालाई विभेदकारी कानुनप्रति सजग र सतर्क बनाई महिलाको हक, अधिकार संरक्षणमा सर्वोच्च अदालतले महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । महिलालाई सम्पत्ति अधिकार दिन सर्वोच्च अदालतले सरकारलाई निर्देशन दिएकोले नै महिला सम्पत्ति अधिकारको व्यवस्था भएको हो ।

खासगरी हाम्रो जस्तो आर्थिक, सामाजिक, शैक्षिक रूपमा पिछडिएको महिलाहरूका लागि राज्यले जे जस्तो रूपमा जे जति अधिकार उपलब्ध गराए पनि चेतनशील र जागरुक केही महिलाले बाहेक अन्यले त्यस्तो अधिकारको उपभोग गर्न सक्ने स्थिति रहेको छैन । यसका लागि तल्लो वर्गसम्म चेतनाको विस्तार गरिनुपर्दछ । बिना चेतना, ऐन, कानुन, सरकारी नीतिले जे जस्तो अधिकार दिए पनि त्यो केवल औपचारिकतामा मात्रै सीमित रहन पुग्दछ ।

## १.२ समस्या कथन

नेपाली जनसङ्ख्याको करिव ५१% रहेको महिलाहरू पुरुष सरह सम्पत्तिमा समान पहुँच नपाएका कारण महिला विरूद्ध भेद्भाव भएको देखिन्छ । नेपाली महिलाहरूको जनजीवन दयनीय रहीरहेको छ । महिलालाई राजनैतिक, आर्थिक, सामाजिक अधिकारबाट

समेत वञ्चित भइरहेको अवस्थामा महिलाहरूका बारेमा प्रदत्त अधिकारहरूको बारेमा जानकारी गराउने साथै विश्व परिवेश अनुरूप नेपालले पनि परम्परागत कानुनहरूमा रूपान्तरण गर्दै महिलाहरू माथि हुने भेदभाव अन्त्य गर्नका लागि पैतृक सम्पत्तिमा महिलालाई समान पहुँच प्रदान गरेको र त्यसले महिला उत्थानमा कस्तो प्रभाव पार्ला वा नपार्ला सो सम्बन्धमा तनहुँ जिल्ला गजरकोट गा. वि. स. को चेतनशील मानिसहरूले कसरी लिएका छन् भनी धारणा बुझ्ने र समाजमा त्यसको प्रभावकारीताका सम्बन्धमा खोज अनुसन्धान हुन नसकीरहेको अवस्थामा एउटा गाउँको खोज ीगर्न पनि यो अध्ययन आवश्यक छ ।

१. सम्पत्तिमा समान पहुँच सम्बन्धमा उत्तरदाताहरूको कस्तो धारणा रहेको छ ?
२. सम्पत्तिमा समान पहुँचले महिला उत्थानमा कस्तो भूमिका खेल्न सक्छ ?
३. महिला र पुरुषको सम्पत्तिमा समान पहुँच हुँदा त्यसले समाजमा कस्तो प्रभाव पार्ला ?

## १.३ अध्ययनको उद्देश्य

नेपालमा सम्पत्ति सम्बन्धी महिलाको के कस्तो पहुँच रहेको छ भन्ने सन्दर्भमा सामाजिक कानुनी रूपमा अध्ययन विश्लेषण गर्नु यस शोधपत्रको सामान्य उद्देश्य रहेको छ भने निम्नलिखित विशिष्ट उद्देश्यहरू रहेका छन् :

१. सम्पत्ति सम्बन्धी महिलाको पहुँच सम्बन्धी तनहुँ जिल्लाको गजरकोट गा. वि. स. का मानिसहरूको जानकारी हासिल गर्नु ।
२. सम्पत्ति सम्बन्धी महिलाको पहुँचबाट पारिवारीक र सामाजिक क्षेत्रमा पर्ने प्रभावका बारेमा तनहुँ जिल्ला गजरकोट गा. वि. स. का मानिसहरूको अभिमतको अध्ययन गर्नु ।
३. सम्पत्ति सम्बन्धी महिलाको पहुँच सम्बन्धी आर्थिक र कानुनी सम्बन्धी जानकारी प्राप्त गर्नु ।

## १.४ अध्ययनको औचित्य

परम्परागत मूल्य मान्यतालाई आत्मसात गरीरहेको नेपाली समाजमा महिलाहरूमाथि विभेदका क्रियाकलापहरू भइरहेका छन् । जुनसुकै समाजमा पनि मानवीय आवश्यकता परिपूर्ती गराउनका लागि स्रोत र साधन जुटाउनुपर्दछ त्यही क्रममा मानिसले

परिश्रम वा अन्य कुनै कामकाज गरी प्राप्त गर्ने चिज, वस्तु, चल अचल वस्तुलाई सम्पत्ति भनिन्छ । सम्पत्तिको प्रभाव मानव जीवनमा महत्वपूर्ण हुन्छ । त्यही सम्पत्तिमाथिको स्वामीत्व सम्बन्धित पहुँच हो । त्यस्तो सम्पत्तिको पहुँचबाट कोही पनि वञ्चित हुनु हुँदैन । विगतका दिनहरूमा महिलालाई पहुँच सम्पन्न बनाउनका लागि सम्पत्तिको अधिकारको व्यवस्था गरिएको र त्यस्ता अधिकार के-कस्ता छन् ? तिनले महिलाको आर्थिक, सामाजिक, राजनीतिक क्षेत्रमा पार्ने प्रभावको अध्ययन गर्नु औचित्यपूर्ण ठानिएको छ । पैतृक सम्पत्तिमा समान पहुँचले समाजमा प्रभाव पार्ने नपार्ने के छ ? यसलाई नेपाली समाजले कसरी ग्रहण गर्दछ ? भनी हेर्नु स्वभाविक हुनेछ उनीहरूको पैतृक सम्पत्तिमा समान पहुँच र त्यसको प्रभावका बारे जानकारी राख्ने जो कोहीका लागि पनि उपयोगी र यथार्थपरक हुनेछ । साथै पैतृक सम्पत्तिमा समान पहुँच प्राप्त हुँदा महिलाको उत्थानमा कस्तो असर पर्दछ भन्ने विषयमा खोज अनुसन्धान गरी त्यसको निष्कर्ष निकाल्नु जरुरी हुने हुँदा यसको औचित्य वर्तमानमा सान्दर्भिक हुनेछ ।

## १.५ अध्ययनको क्षेत्र र सीमा

अध्ययनको क्षेत्रको छनोट गर्दा अध्ययन  कार्यलाई सरलीकरण गर्ने सम्वद्ध गहन विषयलाई प्रभावकारी बनाउन क्षेत्र छनोट गर्नु अपरीहार्य छ । शोध कार्यलाई अन्तिम रूप दिन सत्य तथ्य र स्तरीय तथ्याङ्क संकलन गरी निचोडमा पुग्नका लागि अध्ययनमा आवश्यक पर्ने व्यक्तिहरूको पर्याप्ततालाई ध्यानमा राखी उनीहरूका माझमा गई तथ्याङ्क संकलन गर्ने, प्रश्नावली गर्ने, छलफल गर्ने, पत्रपत्रिका, सम्बन्धित विषयका प्रतिवेदन अध्ययन गर्ने, साधन, स्रोत, समयावधी जस्ता कारणले अध्ययनक्षेत्र तनहुँ जिल्ला गजरकोट गा. वि. स. भित्रका वडा नं. ५ र ६ का ५८ घर परिवारभित्र गोला प्रथाद्वारा शिक्षीत घरपरिवार, श्री कृष्ण उ. मा. वि. का १०+२ का शिक्षक विद्यार्थी र कार्यालय प्रमुख समेतलाई लिइएको छ । अध्ययनको सीमा सम्पत्तिमाथि  महिलाको पहुँचमा सम्बन्धित रहनेछ । प्रस्तुत शोधपत्र केवल स्नातकोत्तर उपाधीका लागि गरिने हुँदा व्यापक र विस्तृत नहुन पनि सक्छ ।

# अध्याय दुई
# पूर्व साहित्यको अध्ययन

## २.१ विश्व परिवेशमा महिला

नेपालमा आधा आकाश ओगटेका नारीहरूका समानताका बारेमा लेख्ने क्रममा विश्वमा महिलाहरूको बिचमा आएको जागर, सचेतनाका बारेमा संक्षेपमा जानकारी अति आवश्यक देखिन्छ । तसर्थ विश्वको परिवेशमा स्थिति तथा महिलाले पुरुष सरह समान अधिकार प्राप्तिका लागि गरेका सान्दर्भिक प्रयासहरूका बारेमा समीक्षा गरिन्छ ।

सबैभन्दा पहिले सन् १९१० मा चीन, व्राजिल, संयुक्त अधिराज्य, वेलायत लगायतका राष्ट्रहरूले महिलालाई सामाजिक, राजनीतिक अधिकारहरू पुरुषलाई सरह हुनुपर्ने आवाज उठाएका थिए । सन् १९४९ मा संयुक्त राष्ट्रसंघको साधारण सभाले मानिसको बेचविखन, वेश्यावृत्ति तथा महिलाहरूको शोषण विरुद्धका सिद्धान्तहरूलाई अँगाल्यो । सन् १९५१ मा महिला र पुरुषमा एकै प्रकारका काममा समान ज्याला हुनु पर्दछ भन्ने सिद्धान्त अँगाल्यो । सन् १९५२ मा संयुक्त राष्ट्र संघको एउटा सम्मेलनले महिलाको राजनैतिक अधिकार, नागरिक अधिकारको रूपमा अङ्गीकार गरेको थियो । सन् १९५७ मा विवाहिता महिलाको राष्ट्रियता रहने वा परिवर्तन गर्नें विषयमा महिलाकै रहने वा परिवर्तन गर्ने विषयमा महिलाकै इच्छामा छाडियो । सन् १९६० मा जागिर दिने सम्बन्धमा व्यवसायमा विभेद नगर्ने सिद्धान्त अपनायो । सन् १९६२ मा विवाहको उमेर र विवाह दर्ता गर्नु पर्ने सिद्धान्त अपनायो । संयुक्त राष्ट्र संघले सन् १९७४ मा पहिलो विश्व महिला वर्ष भनी घोषणा गरेको पाइन्छ । सोही वर्षमा संयुक्त राष्ट्र संघले सन् १९५७ देखि १९५८ को अवधिलाई महिला समानता र विकास शान्तिका लागि महिला हक दशक घोषणा गऱ्यो । सन् १९७९ मा महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि संयुक्त राष्ट्र संघ साधारण सभाले पारित गऱ्यो । सन् १९८० मा कोपनहेगनमा भएको दोस्रो विश्व महिला सम्मेलनले संयुक्त राष्ट्र संघद्वारा संघीय दशकको उत्तरार्द्धका लागि कार्यान्वयनको पुर्नविचार गरी स्वीकार गऱ्यो । सन् १९८५ मा भएको तेस्रो विश्व महिला सम्मेलनमा महिला दशकमा भएको प्रगति समीक्षा गऱ्यो र महिलाहरूको विकासको लागि अग्रदर्शी रणनीतिहरू स्वीकृत गऱ्यो । सन् १९८६ मा विश्वमा प्रथम पटक विकासमा महिलाको भूमिका सम्बन्धी सर्वेक्षण प्रकाशित

भयो । सन् १९९१ मा महिलाहरूको गति र तथ्याङ्क संग्रह निस्क्यो । सन् १९९२ मा ब्राजिलमा वातावरण र विकासको निम्ति भएको विश्व सम्मेलनले दीर्घकालीन विकासका लागि महिला भूमिकालाई स्वीकार गऱ्यो । सन् १९९३ मा संयुक्त राष्ट्र संघ साधारण सभाले महिला विरुद्ध हुने हिंसा उन्मूलन गर्ने सिद्धान्त अपनाउँदै यसै वर्ष भियतनाममा भएको विश्व मानव अधिकारको सम्मेलन "महिलाको अधिकार" मुद्दालाई मानव अधिकार भएको स्वीकार गरेको थियो । त्यस्तै सन् १९९४ मा जनसङ्ख्या र विकास सम्बन्धी कायरोमा भएको सम्मेलनमा महिला सशक्तीकरण विकासको एकीकृत हिस्सा हो भन्ने कुरामा सहमति भएको थियो । त्यस्तै विगतदेखि समाजमा लिङ्गका आधारमा महिला र पुरुषबिच विभेद रहँदै आएको परिप्रेक्ष्यमा समाजमा रहेका प्रत्येक तह र प्रकारका लैंगिक विभेदको व्याख्या गर्ने व्यवस्थित अवधारणा नै महिलावादी सिद्धान्त हो । सन् १९५० पछिको समयमा विकास भएको समाजको समग्र परिवर्तन र रूपान्तरका साथै लैंगिक भूमिका खोज गर्ने सम्बन्धमा यस्ता सिद्धान्तहरू विकास भएको हो ।

## २.२ छिमेकी राष्ट्र भारतमा भएको महिलाको सम्पत्ति सम्बन्धी अधिकारको व्यवस्था

विश्व वर्तमान समयमा महिलाहरूलाई समान स्तर दिने अवधारणाले स्थान लिइरहेको छ । धेरै देशहरूले आफ्ना राष्ट्रका कानुनहरूमा महिला र पुरुषबिच भेदभावको अन्त्य गरेका छन् । तापनि पूर्वीय वा पश्चिमी राष्ट्रहरू वर्तमान समयमा महिलामाथि हुने सामाजिक शोषण र भेदभाव अन्त्य गर्ने सामर्थ्य नदेखाए तापनि महिला मुक्ति आन्दोलनहरू अगाडि बढ्दै आएका छन् । जसका मुख्य उद्देश्य महिलालाई पुरुष सरह समाजमा स्थापित गराउनु हो ।

महिलाहरूलाई आफ्नो भविष्य निर्माण गर्नमा सहयोगी अधिकारहरूबाट संरक्षित गर्नु पर्दछ । त्यस्ता अधिकारहरूमध्ये साम्पत्तिक अधिकार पनि एउटा आधारभूत अधिकार भएको हुँदा विश्व जनमतमा नेतृत्व गर्ने केही राष्ट्रहरूले महिलाहरूलाई के कस्ता किसिमका साम्पत्तिक अधिकार दिएका छन् त्यसको अध्ययन गर्न जरुरी छ ।

### २.२.१ भारतमा महिलाको साम्पत्तिक अधिकार

भारतमा विभिन्न जातिहरू जस्तै मुसलमान, क्रिश्चियन आदि धर्मावलम्बीहरू रहेका छन् तसर्थ भारतमा सबै जातिहरूको लागि छुट्टाछुट्टै कानुनी व्यवस्था गरेको पाइन्छ । खास गरी यहाँ हिन्दू धर्मावलम्बीहरूका लागि भएको व्यवस्था हेर्न सकिन्छ ।

The Hindu Marriage Act 1955, यो ऐनले पुराना हिन्दु विवाह सम्वन्धी व्यवस्थाहरूलाई रद्द गरी त्यसका स्थानमा नयाँ नियम वा प्रावधानलाई स्थान दिएको छ । यस ऐनको व्यवस्था जम्मु र कास्मिर राज्यलाई छोडी समस्त भारतभर लागु गरिएको छ । यो ऐन भारतको ईसाई, मुसलमान, फारसी वा यहुदी बाहेकका अन्य सबै भाषा तथा जाति मा लागु गरिएको छ ।

**हिन्दू विवाह ऐन, 1955 (The Hindu Marriage Act, 1955) अनुसार**

१. लोग्नेले स्वास्नीलाई पालन पोषण गर्न पर्ने,
२. विभिन्न कारण परी स्वास्नी अलग बसेमा लोग्नेले खर्च व्यहोर्नु पर्ने,
३. छोराहरूमा अंश वण्डा गर्दा स्वास्नीको पनि छोरा सरह हक हुने,
४. हिन्दु महिलाले एक चोटी प्राप्त गरेको सम्पत्ती फर्काउन नपर्ने,
५. विवाहका कुनै पनि पक्षकाले चाहेमा विपक्षी पक्षकासित स्थायी गुजारा खर्च (मान चामल) अथवा निर्वाहवृत्ति पाउन सक्ने,
६. पति पत्नीको मुद्दामा हैसियत हेरी अदालतले तोके बमोजिम मुद्दा खर्च पतिले दिनु पर्ने,

भारतको महाराज्य तामिल तामिलनाडु र कर्नाटकमा छोरा छोरी दुवैलाई बिनासर्त अंशमा बराबरीको हक प्रदान गरेको छ ।

Hindu Adoption and Maintenance Act 1956 (हिन्दू धर्मपुत्र ग्रहण तथा भरण पोषण ऐन, १९५६):

यस ऐन अनुसार :

१. छोरा छोरीलाई भरण पोषण गर्नुपर्ने ।
२. विधवा छोरीलाई उसको पति, ससुरा छोराबाट प्राप्त भरण पोषणको रकम अपर्याप्त भएमा सो छोरीले आफ्नो पिताबाट समेत भरण पोषण भाग गर्न सक्ने ।
३. आमाले पनि आफ्नो छोराछोरीबाट भरण पोषणको माग गर्ने अधिकार रहेको ।
४. पिताको जीवनकालमा अविवाहित पुत्रीहरूलाई पिताको जुनसुकै सम्पत्तिबाट भरण पोषणको अधिकार हुन्छ । पिताको मृत्यु पछि पनि उनीहरूलाई पिताको सम्पत्तिबाट भरण पोषणको अधिकार हुन्छ ।

५. यस ऐन (हिन्दु धर्मपुत्र ग्रहण तथा भरण पोषण ऐन, २०५६ अनुसार निम्न लिखित परिस्थिति एवम् अवस्थामा पतिसँग भिन्न बसेर पनि पत्नीले निर्वाह वृत्ति पाउने अधिकार हुन्छ ।

- पतिले पत्नीलाई बिनाकारण, बिना असहमति त्यागेमा,
- पतिसँग पत्नी वस्तु नसक्ने भएमा,
- पति पनि कुष्ट रोगले पीडित भएमा,
- यदि पतिसँग अरू जिवित पत्नी भएमा,
- पतिले अन्यत्र अन्य पत्नी राखेमा,
- पतिले हिन्दू धर्म त्यागी अन्य धर्म ग्रहण गरेमा,
- न्यायोचित कारणबस पतिसँग बेग्लै बस्नु पर्ने भएमा

The Hindu Succession Act, 1956 (हिन्दू उत्तराधिकार सम्बन्धी ऐन २९५६)

यस ऐनको दफा १४, २१, २३ र २४ मा महिलाको सम्पत्ति सम्बन्धित अधिकारको व्यवस्था गरेको पाइन्छ । जसमा :

क) पुर्खौली सम्पत्तिमा छोरीको अधिकार दिएको छैन तर बाबुको सम्पत्तिमा छोराछोरीको समान हक छ । बाबु आमाको शेष पछि निजहरूको सम्पत्ति प्राप्त गर्ने व्यक्तिहरूमा छोरा छोरी दुवै अग्रपंक्तिमा रहन्छन् ।

ख. अविवाहिता छोरीलाई भरण पोषणको दायित्व छ भने अविवाहिता छोरी, परित्यक्त छोरी र विधवा छोरीलाई पिताको घरमा बस्न पाउने अधिकार प्रदान गरेको छ ।

ग. विवाह अघि होस् वा पछि भारतीय हिन्दू महिलाले उत्तराधिकारबाट प्राप्त गरेको वा दानवश वा अंशियारबाट प्राप्त गरेको चल अचल सम्पत्तिको प्रयोग भोगचलन वा हस्तान्तरणमा पूर्ण स्वामित्व हुन्छ ।

घ. भारतीय हिन्दू महिलाले आमाको हैसियतबाट होस्, विधवा नातिनी, विधवा बुहारी, भाई बुहारी (विधवा) ले दोस्रो विवाह गरेका सो प्राप्त सम्पत्ति पूर्व पतिका परिवारलाई फर्काउनु पर्दैन । यसरी भारतीय महिलाले एक पटक प्राप्त गरेको सम्पत्तिमा पूर्ण स्वामित्व हुन्छ ।

**हिन्दू उत्तराधिकारी ऐन १९५६ ले ल्याएको संशोधन, परिवर्तन र यसको महत्त्व**

१. मिताक्षरा शाखा र दायभाग शाखा (सम्पत्ति र उत्तराधिकार) सम्बन्धी नियमहरूको दृष्टिबाट समाप्त भएको छ । अब समस्त देशका हिन्दुहरूको लागि सम्पत्ति र उत्तराधिकार सम्बन्धी विविधतामा एकरूपता ल्याएको छ ।

२. दक्षिण भारतमा प्रचलित मातृ प्रधान प्रणालीमा सम्पत्ति र उत्तराधिकार सम्बन्धी जुन विविधता थियो त्यो समाप्त भएको छ ।

३. हिन्दू नारी सीमित सम्पत्ति (Limited estate) भन्ने कुरालाई अब यस ऐनको क्रान्तिकारी दफा १४ ले समाप्त पारेको छ । अब हिन्दू नारीले जुन सम्पत्ति अंश वा अन्य रूपले पाउँछे ऊ पूर्ण स्वाभिमानी हुन्छे ।

४. हिन्दू स्त्रीले जीवनभर उपयोगको लागि मात्र सम्पत्ति कब्जा गर्न पाउँछे भन्ने कुरालाई समाप्त गरी हिन्दू स्त्रीलाई उनीहरूको सबै चल अचल सम्पत्ति बेच्न इच्छापत्र गरिदिनु उपहार र दान दिन समेत अन्य अधिकार प्रदान गरेको छ ।

५. विभिन्न प्रकारका स्त्रीधन भन्ने कुरा र सो विभिन्नताको परिणाम स्वरूप तिनीहरूका सम्बन्धमा लागू हुने उत्तराधिकारहरूको विभिन्न नियमहरू समाप्त भएका छन् ।

६. पुरुष र नारी अंशियारको बिच कुनै भेद राखेको छैन ।

७. कतिपय स्त्री सम्बन्धीहरूलाई पनि मृतकको हकको सम्पत्ति अंशवण्डामा पाउन सक्ने गरेको छ ।

८. रोग र शारीरिक अंगहीनता जस्ता अयोग्यताहरूले सम्पत्तिमा उत्तराधिकार पाउनका लागि बाधा पारेको छैन (लम्साल, २०३२ : २४२-४३) ।

भारतमा उपरोक्त ऐनहरू बाहेक Hindu Gains of Learning Act 1930 (हिन्दू विधापार्जनद्वारा लाभ ऐन १९३०) हिन्दू स्वास्नी मानिसको सम्पत्ति अधिकार १९३७ (The Hindu Womens' Right of Property Act 1937), The Arya Marriage Validation Act 1937 (आर्य विधि मान्यता ऐन १९३७), The Hindu Married Womens' Right to Separate Residence and Maintenance Act 1946 हिन्दू विवाहिता स्वास्नी मानिसको पृथक आवास र भरण पोषणको अधिकार १९४६) The Hindu Marriage Disablities Removal Act 1946 (हिन्दु विवाह निर्क्योलता निवारण ऐन १९४६), The Hindu Minority and Guardianship 1956 (हिन्दु अल्प वयस्कता तथा संरक्षकता ऐन १९५६) जस्ता कानुनहरूबाट भारतमा हिन्दु महिलाहरूले अधिकार पाएका छन् ।

## २.३ नेपालमा सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी कानुनको पृष्ठभूमि

नेपाली समाज हिन्दू वर्णाश्रममा आधारित आश्रित पितृप्रधान समाज हो । हिन्दू सामाजिक जीवन प्रणाली अन्तर्गत “मोक्ष” लाई परमपुरुषार्थ निश्चित गरिन्छ । वेदमा धर्म सम्बन्धी प्रासङ्गिक निर्देशनहरू दिइएको छ । वेदमा विवाह, यसका प्रकार, पुत्रका किसिम, धर्मपुत्र लिने, सम्पत्तिको अंशवण्डा, उत्तराधिकारीमा प्राप्त सम्पत्ति, स्त्रीधन श्राद्ध जस्ता नियमहरू माथि प्रकाश पारिएको छ (श्रेष्ठ, २०५०) । नेपाली समाज पितृसतात्मक समाज हो । इतिहासबाट प्रष्ट हुन्छ कि धेरै धर्म कर्म दान पुण्य गरेर समाजमा स्थान प्राप्त गर्दा नारीको स्थानमा नरहने पुरुषत्व प्राप्त हुने वा नारी जाति हुनुबाट मुक्त हुनु पुरुषत्व हुनु राम्रो भाव हुनुपर्ने १५ सय वर्ष पुरानो काठमाडौं चावहिलमा रहेको शिलालेखबाट स्पष्ट हुनेछ (जोशी, २०३०) । स्त्री र पुरुषको सँगसँगै सृष्टि भएकाले सुरुमा लिङ्गका आधारमा भेदभाव गरिएको थिएन । वैदिक कालमा महिलाहरूलाई सैनिक सेवामा समेत भर्ना गरिन्थ्यो । किरातकालमा स्त्री र पुरुषमा समानता थियो (भण्डारी, रिवार्ज, अंक २) । स्मृतिकालमा आइपुग्दा जहाँ नारी पुजिन्छ त्यहाँ देवता रमाउँछन् भन्ने भनाइको वर्चश्व स्थापित हुँदै नारीहरू कोमल हृदयका हुन्छन्, उनीहरूलाई अधिकाररूपी भार बोकाउने नभएर दया मायाको आवश्यकता छ भन्न थालियो । स्मृति कालमा हरेक पुरुषले आफ्नी स्त्रीलाई स्वतन्त्र रहन दिनु हुँदैन, जतिसुकै सम्पन्न भए पनि पुरुषको वंशमा राख्नु पर्दछ । वाल्यकालमा पिताले, युवा अवस्थामा लोग्ने र वृद्ध अवस्थामा पुत्रले रक्षा गर्नु पर्दछ भन्न थालियो (मनु स्मृति) । छोरीलाई आफ्नो अंशमा आधा अंश दिनुपर्छ (शुक्र नीति ४/२९५) आमाको मृत्यु भएमा छोरा छोरीले आमाको धन बराबर बाँडी लिने शुक्रनीति (९/१९२) । यस्तै याज्ञवल्क्य स्मृतिमा बाबुको सम्पत्ति छोरा र आमाको सम्पत्ति छोरीलाई दिनु पर्ने प्राचीन धर्मशास्त्रहरूमा छोरीलाई अंश दिनु पर्ने कुरामा उल्लेख गरेको पाइन्छ । आमाको सम्पत्तिमा छोरीको पूर्ण अधिकार रहन्थ्यो । यस्तो व्यवस्था वर्तमानमा पनि भारतीय हिन्दू विधि अधिनियममा गरिएको छ । आमाको शेषपछि विवाहिता वा अविवाहिता छोरीहरूले र छोराले बाँडी लिनु पर्ने व्यवस्था छ । हिन्दू उत्तराधिकार अधिनियम १९५६ मा संयुक्त सम्पत्तिमा छोरीको पनि छोरा सरह अधिकार रहन्छ । अविवाहित छोरी वा सम्बन्ध विच्छेद पश्चात पतिबाट अलग भएर बसेकी वा विधवा अदण्डित रूपमा रहेको पिताको घरमा बस्न पाउने अधिकार पाउँछन् ।

नेपालमा १९१० सालको मुलुकी ऐन लागु हुनुभन्दा अगाडि कानुनी व्यवस्था नभएको सामाजिक रितिस्थिति, धार्मिक ग्रन्थहरू, नैतिक मूल्य मान्यताका आधारमा समाज चलेको थियो । मनुस्मृतिको दया भागमा आमा बाबु जीवित रहुन्जेल छोराहरूको कुनै अधिकार नहुने आमा बाबुको मृत्यु पछि छोराहरूको हक लाग्ने विवाह नभएका दिदी बहिनीहरूलाई दाजुभाइले आ-आफ्नो भागबाट चौथाइ हिस्सा दिनु पर्ने व्यवस्था र आमाको दाइजो छोरीको छोरामा जाने याज्ञवल्क्य स्मृतिमा यदि लोग्नेले वा ससुराले स्वास्नी मानिसलाई स्त्रीधन दिएको छैन भने निजको छोरा सरह बाबु मरेमा सबै छोराले बरावर धन लिनु आमाको भाग छोरीलाई दिने, नभए छोरीको छोरालाई दिने भनिएको छ ।

बाबुको मृत्युपछि छोराको अंश हक हुने हुँदा जीवित स्वास्नीले छोरा सरह अंश पाउने छोराको विवाह नभएको भए विवाह गरी अंश भाग चलाउँदा अविवाहित दिदी बहिनी भए छोरा सरह अंश दिने र एक चौथाई छोरीको विवाह खर्च पर सार्नु पर्ने व्यवस्था थियो (श्रेष्ठ, २०५०) । हिन्दू उत्तराधिकारी ऐनले पुत्रीलाई पुत्र बरावरमा राखेको दुबैले समान साम्पत्तिक अधिकार प्राप्त गर्दछन् । यस ऐन भन्दा पहिला स्त्रीलाई थिएन (श्रेष्ठ, २०५०) ।

इतिहासबाट प्रष्ट हुन्छ कि, मानवीय सभ्यताको सुरुवातको अवस्थामा सामाजिक उत्पादनमा मुख्य भूमिका निर्वाह गर्ने वर्ग वा सामाजिक समूह नै कालान्तरमा उत्पादन आफ्नो नियन्त्रणमा लिन्छ एक जमाना यस्तो थियो मातृ प्रधान समाज अन्तर्गत महिलाहरू नै उत्पादनको नियन्त्र गर्दथे । महिलाहरू नै उत्पादनको निर्वाह गर्दथे । पुरुष मनोरञ्जनका लागि जंगलमा घुमफिर गरिहिँड्थे । फेरी यस्तो समय आयो पुरुष प्रधान समाज अन्तर्गत उत्पादनको मुख्य भूमिका पुरुषका हातमा आयो किनकी, त्यसबेलामा उत्पादनका साधनहरू भाला, तिर, धनुष थिए । जसमा मुख्य भूमिका पुरुषहरू निर्वाह गर्दथे (महिलाहरूको मुक्तिको बारेमा मार्क्स, एंगेल्स, लेलिन, स्टालिन, माओ, क्लारा जेटकिन, २०५७ : १) ।

आदिम कालमा श्रम विभाजनका कारण समाज दुई वर्गमा विभाजित भयो । दास मालिक शोषक र शोषित परापूर्वकालमा परिवार गोत्रको सामुहिक स्वामीत्व निजी स्वामित्व कहिले सुरु भयो किटान गर्न सकिन्न । यद्यपि परिवर्तनको क्रमसँगसँगै जनावरका बथान अन्य सम्पत्तिका कारण परिवारमा द्वन्द्व भयो । जीवनका लागि आवश्यक साधनको व्यवस्था गर्ने काम पुरुषको रहि आएको थियो । पुरुष त्यस्ता साधन उत्पादन गर्ने र स्वयम् स्वामी पनि हुन्थे । नारी वर्ग त्यसमा उत्पादनको हिस्सामा उपयोगमा सहभागिता रहे पनि

स्वामित्वमा उनीहरूको हिस्सा थिएन (फ्रे एगेल्स, २०५६, नेपाली अनुवाद) । मानिस जन्मदैका अवस्थामा असमान अधिकार लिएर आउने नभई समाज परिवार श्रम विभाजन अवसरमा असमानताका कारण विभेद गरिएको हुन्छ । आदिम युग वर्वर युग, जंगली युगमा पनि नारीलाई स्वतन्त्रता मात्रै नभएर सम्मानजनक स्थान थियो । परिवारमा महिलाकै निर्णय सर्वाधिक हुन्थे । वैवाहिकदेखि सम्पूर्ण घर व्यवहारमा महिलाबाट गरिन्थ्यो (फ्रे एगेल्स, २०५६) ।

यस विषयमा छुट्टै प्रकाशित पुस्तक प्राप्त हुन सकेका छैनन् । प्रस्तुत शोध अध्ययन समापनमा पुग्नका लागि सम्बन्धित विषयहरूसँग सम्बन्धित पुस्तकहरू, लेखहरू, संविधान र कानुनहरू, पत्र पत्रिकाहरूमा प्रकाशित लेख, कार्यपत्रहरू मानव अधिकार सम्बन्धी पुस्तक, इतिहास, धर्म, सांस्कृतिक संरचना सम्बन्धी पुस्तकहरूको अध्ययन गर्न आवश्यक छ । सोही क्रममा मानव उद्विकासको क्रम प्राचीन युग, मध्य युग र आधुनिक युग, व्यक्ति समाज, सम्पत्ति समानता हक अधिकार महिला प्रधान, पुरुष प्रधान समाज धार्मिक एवम् सांस्कृतिक परम्परा बारे जानकारी राख्न आवश्यक हुन्छ । माथि उल्लेखित विषयको अध्ययनबाट शोधपत्रको विषयमा प्रकाश पार्न सजिलो हुने विश्वास लिइएको छ ।

मुलुकी ऐन १९१० मा ३५ वर्ष मुनिका विवाह नभएका छोरीलाई ऐन वमोजिम विवाह खर्च छुट्ट्याउने र ३५ वर्ष नाघेपछि विवाह नगरी माइत बसे दाजुभाइ सरह अंश पाउने व्यवस्था गरिएको (मुलुकी ऐन, १९१०), मुलुकी ऐन २०२० मा ३५ वर्ष उमेर पुगेकी विवाह नभएकी छोरीले छोरा सरह छोराले पाउने अंशको आधा अंश पाउनेछ, अंश लिएपछि विवाह भए पाएको अंशबाट ऐन वमोजिम विवाह खर्च छुट्ट्याउने, बाँकी ऐनले हक पुग्नेले पाउँछ भनी व्यवस्था गऱ्यो । अपुताली महलको २ नं. वमोजिम अपुताली पर्दा मर्नेको लोग्ने स्वास्नी छोरा छोरीको छोरा वा सँगै बस्ने हकवाला भएसम्म छोरीले अपुताली पाउँदिन (मुलुकी ऐन, २०२०) भन्ने व्यवस्था गरी महिलालाई दोस्रो दर्जाको नागरिक बनाएको देखिन्छ । संयुक्त राष्ट्र संघको चार्टले लैंगिक समानतालाई मानवको मौलिक अधिकारका रूपमा स्थापना गर्ने प्रयास गरेको थियो । महिला अधिकारका सम्बन्धमा सिफारिस र प्रतिवेदन तयार पार्न सन् १९४६ मा एक आयोग गठन गरियो । त्यस्तै समान कामका लागि पुरुष समान पारिश्रमिक मूल्यको लागि १९५१ मा आइ. एल. ओ. गठन भयो । तथापि व्यवहारमा अपेक्षित परिवर्तन आएको पाइँदैन (शर्मा, २०५७) ।

## २.४ सम्पत्तिमा महिलाको पहुँच

मानव सभ्यताको विकासक्रमसँगै कुनै न कुनै रूपमा सम्पत्ति आर्जन गर्ने कुराको थालनी हुनुपर्ने भौतिक चिज वा वस्तुको प्रयोगले नै मानव जीवन सार्थक भएको मानवीय आवश्यकता पूरा गर्न पनि सम्पत्ति आवश्यक हुने त्यस्ता आवश्यकीय वस्तुहरू माथि स्वामित्व निर्धारण गर्ने भोग चलन नियन्त्रण गर्ने जस्ता कुराहरू साम्पत्तिक विषय बन्दछन् । सम्पत्ति भन्नाले साम्पत्तिक अधिकारलाई जनाउँदछ । प्राचीन समयमा हिन्दूहरू जग्गा जमिन, सुन चाँदी, चिज वीज साम्पत्तिक वस्तु भाउ पुत्र पुत्रीहरूलाई पनि सम्पत्तिका रूपमा लिइन्छ (वेदमा के छ ? डा. स्वामी प्रपन्नाचार्य, ७४) ।

सामान्यतया सम्पत्तिमा मानवले भोग चलन गर्ने जाय जेथा बुझाउँछ । सामान्य मानवीय व्यवहार सञ्चालन गर्नेदेखि लिएर सुखी सम्पन्न जीवन व्यतित गर्नका लागि सम्पत्ति चाहिन्छ । रूपैयाँ पैसा जग्गा जमिन घरवारी सम्पत्ति हुन् जुन सम्पत्तिलाई चल अचल गरी विभाजन गरिएको छ (मैनाली रिता, २०५४) ।

**१. चल सम्पत्ति** : जुन सम्पत्ति सहज रूपमा एक ठाउँबाट अर्को ठाउँमा लैजान सकिन्छ, त्यसलाई चल सम्पत्ति भनिन्छ । रूपैयाँ, सुन, चाँदी, जिन्सी, अन्नपात आदि ।

**२. अचल सम्पत्ति** : एक ठाउँबाट अर्को ठाउँमा लैजान नसकिने सम्पत्तिलाई अचल सम्पत्ति भनिन्छ । जग्गा, जमिन, घर आदि ।

सम्पत्तिलाई अर्को अर्थमा पनि विभाजन गर्न सकिन्छ । दृश्य र अदृश्य

१. **दृश्य** : घर जग्गा, जमिन आदि ।

२. **अदृश्य** : प्रतिलिपी अधिकार, ट्रेडमार्क आदि ।

प्रत्येक राष्ट्रले आफ्ना नागरिकलाई सम्पत्ति आर्जन गर्न बेचविखन दान चन्दा उपहार दिने अधिकार प्रचलित कानुन अनुसार प्रदान गर्दछ । नेपालमा पनि मूल कानुन संविधान २०४७, धारा १७ मा सम्पत्ति सम्बन्धी व्यवस्था गरेको छ (नेपाल अधिराज्यको संविधान, २०४७) । अन्तरिम संविधान २०६३ को धारा २० र २१ ले क्रमशः सम्पत्ति महिला हक भनी व्यवस्था गरेको छ (नेपालको अन्तरिम संविधान, २०६३) ।

नेपालका महिलाहरूका लागि के कस्ता साम्पत्तिक अधिकार प्राप्त छन् त्यसतर्फ हेर्दा महिलाहरूको अधिकांश समय घरधन्दा र कृषि कार्यमा संलग्न रहेका छन्, नगन्य मात्रामा सरकारी सेवामा कलकारखानामा काम गरेर आय आर्जनका काममा संलग्न छन् तर पनि सम्पत्ति माथि नियन्त्रण कायम गर्ने र आर्थिक कारोवार सञ्चालन गर्ने क्रममा निर्णायक भूमिका निर्वाह गर्न सक्दैनन् । सम्पूर्ण सम्पत्तिको जिम्मेवार व्यक्ति घरको मूली पुरुष नै रहन्छन् । प्रचलित नेपाल कानुनमा रहेको संविधान प्रदत्त समानताको अधिकार स्वतन्त्रताको अधिकार साम्पत्तिक अधिकार साथै मुलुकी ऐन २०२० मा पनि महिलाहरूलाई साम्पत्तिक अधिकार प्रदान गरिएको छ । महिलाहरू आफूलाई प्राप्त अधिकारका बारेमा जानकारी हासिल गरी त्यस्ता अधिकारको प्रचलन र उपभोग गर्दै जानु आवश्यक देखिन्छ । यदी आफ्नो अधिकारको उपयोग गर्न सक्ने अवस्था आएमा आफू माथि पर्ने अन्याय सहेर बस्न नपर्ने हुन्छ ।

महिलाले प्राप्त गर्ने सम्पत्तिलाई २ भागमा विभाजन गर्न सकिन्छ : (१) स्त्रीधन (२) स्त्रीअंश ।

**१. स्त्रीधन** : जुन सम्पत्ति महिलाहरू आफू खुशी गर्न पाउँछन् अथवा महिलाहरू यस्तो सम्पत्ति विक्री गर्न दान दिन स्वतन्त्र हुन्छन् ।

**क) दाइजो** : महिलाहरूलाई माइती, मावलीपट्टीबाट दिइएको सम्पत्ति दाइजो हो यस्तो सम्पत्ति महिलाले कसैको स्वीकृत नलिई खर्च गर्न र बेच्न सक्ने अधिकार हुन्छ । यसमा अरूको अंश हक लाग्दैन (मुलुकी ऐन, २०२०) ।

**ख) स्वआर्जन** : कुनै पनि महिलाले आफूले कमाएको वा आर्जन गरेको सम्पत्ति नै स्वआर्जनको सम्पत्ति भनिन्छ । यस्तो सम्पत्तिमा अरूको हक लाग्दैन (मुलुकी ऐन, २०२०) ।

**ग) पेवा** : महिलाहरूलाई विवाह गरेर गएपछि माइती तर्फकाले दिएको सम्पत्तिलाई पेवा भनिन्छ । पेवा आफू खुशी गर्न पाउँछन् पेवामा अरूको अंश लाग्दैन (मुलुकी ऐन, २०२०) ।

**घ) दान उपहार** : दान उपहारबाट प्राप्त सम्पत्तिमा पनि महिलाले आफू खुशी गर्न पाउँछन् अरूको अंश हक लाग्दैन ।

ङ) **दोलाजी बसी प्राप्त गरेको सम्पत्ति :** छोरा नभएका बाबु आमाले विवाह नभएकी छोरीलाई छोरा सरह राख्नुलाई दोलाजी भनिन्छ । दोलाजी बस्ने छोरीले आमा बाबुबाट प्राप्त सम्पत्तिमा अरूको हक लाग्दैन (मुलुकी ऐन, २०२०) ।

महिलाहरूलाई स्त्रीधन वापत प्राप्त सम्पत्तिमा अरू कसैको हक नलाग्ने र स्वयम् महिलाहरू उक्त सम्पत्ति आफू खुशी गर्न पूर्ण स्वतन्त्र रहन्छ ।

२. **स्त्री अंशधन :** महिलाहरूले पिता, पतिबाट अंश वापत प्राप्त गरेको सम्पत्तिलाई स्त्री अंशधन भनिन्छ । त्यसरी अंश पाउने अवस्थाहरू कानुनद्वारा निर्धारण गरिएका हुन्छन् । ती अवस्था विद्यमान भएमा अंश प्राप्त गर्दछन् ।

विशेष गरी नेपाली समाजमा पैतृक सम्पत्तिमा छोरा र पुरुषको अंश अधिकार जन्मसिद्ध हुने तर महिला वा छोरीहरूको विभिन्न अवस्था वा सर्त पूरा भएमा मात्रै प्राप्त गर्ने त्यसरी सम्पत्तिमा पनि पूर्ण अधिकार नरहने त्यस्तो भोग चलन गर्न पाउने वेचविखन गर्न दिन पाउने अधिकार छैन । यसरी अंश वापत प्राप्त गरेको सम्पत्ति महिलाहरू चलमा सबै वा अचलमा आधा सम्म मात्रै आफू खुशी गर्न पाउने अंश अधिकार महिलालाई प्राप्त छ (मुलुकी ऐन, २०२०) ।

निम्नलिखित अवस्थामा महिलाले अंश प्राप्त गर्न सक्नेछन् :

क) कन्या विवाह नभएकी छोरीले ३५ वर्ष पुगेपछि आफ्नो अंश पाउँछ जुन छोरा छोरीलाई बराबर हुन्छ । अंश प्राप्त गरेपछि विवाह भएमा विवाह खर्च पर सारी हकवाला अंशियारलाई फिर्ता गर्नु पर्छ । छोरीले प्राप्त गरेको अंश चलमा सबै र अचलमा आधासम्म मात्र आफू खुशी गर्न पाउँछ । बाँकी आधा सम्पत्ति बेचविखन गर्नका लागि पतिको स्वीकृति आवश्यक हुन्छ (मुलुकी ऐन, २०२०) ।

ख) पति जीवित भएका महिला सधवा हुन् । सामान्य अवस्थामा पतिबाट पत्नीले अंश लिँदैनन् तर लोग्नेले दोस्रो विवाह गरी पहिलो श्रीमतीलाई हेला गरी खान लाउन नदिई घरबाट निकाला गरेमा वा लोग्नेले बारम्बार कुटपिट गरेमा वा दुःख दिएमा त्यस्ता स्वास्नीले चाहेमा लोग्नेबाट अंश लिइ बस्न पाउँछन् । स्वास्नी मानिसहरू पनि स्वतन्त्र हुन्छन् (मुलुकी ऐन, २०२०) ।

ग) विधवा महिला : श्रीमान्को मृत्यु भएको महिलालाई विधवा भनिन्छ । छोरा नहुने कुनै महिलाको मृत्यु भएमा त्यस्ती विधवा महिला ३० वर्ष नाघेपछि आफ्नो लोग्नेको अंश पाउँछन् । तर परिवारका सदस्यहरूले खान लाउन, दान पुण्य गर्न नदिएमा ३० वर्ष उमेर नपुगे पनि अंश लिइ भिन्न बस्न सक्छ (मुलुकी ऐन, २०२०) । त्यस्तै कुनै महिलालाई कसैले जवरजस्ती करणी गर्ने पुरुषको आधा अंश पिडित महिलाले क्षतिपूर्ति स्वरूप पाउने व्यवस्था छ (मुलुकी ऐन, २०२०) । कानुन वमोजिम आफ्नो लोग्नेसँग सम्बन्ध विच्छेद गरेकी महिलाको अन्य आय स्रोत नभएमा सम्बन्ध विच्छेद गरेको मितिले ५ वर्षसम्म वा अर्को विवाह नगरेसम्म पहिलेकै लोग्नेबाट  खान लाउन दिनु पर्ने व्यवस्था छ (मुलुकी ऐन, २०२०) । त्यस्तै महिलाहरूले मोहियानी हक प्राप्त गर्दछन् । कानुनी अनुरूप ३५ वर्षसम्म अविवाहित छोरी बुहारी विधवा स्वास्नी मानिसले पनि मोही हुन पाउने अधिकार प्रदान गरेको छ । यसरी प्राप्त सम्पत्तिमा महिलाको मात्र अधिकार हुन्छ । अफ्र कसैलाई अंश दिनु पर्दैन (मुलुकी ऐन, २०२०) ।

## २.४.१ सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी नेपालका प्रमुख राजनीतिक पार्टीहरूको घोषणापत्र

### क) ए. नेकपा माओवादी

नेकपा माओवादी हाल नेकपा ए. माओवादीले २०५२ साल फागुन १ गते सशस्त्र विद्रोह मार्फत गणतन्त्र र संविधानसभाको माग गर्दै आएको थियो । फलस्वरूप संसदवादी शक्तिहरूसँग एकताबद्ध आन्दोलन गरी २०६२/६३ को ऐतिहासिक जनआन्दोलन सफल पारी आफ्नो संविधान सभाको लक्ष्यलाई मूर्त रूप दिन सफल भएको छ । संविधानसभाको निर्वाचनको सन्दर्भमा उसको आफ्नो प्रतिबद्धता जनतासमक्ष प्रस्तुत गरी संविधान सभा सबैभन्दा ठूलो पार्टीको अधिकार स्थापना गर्न सफल भएको छ । उसको प्रतिबद्धता पत्रमा महिलाको साम्पत्तिक अधिकार तथा अन्य अधिकारका बारेमा यस्तो व्यवस्था गरेको छ ।

महिलालाई पैतृक सम्पत्ति लगायत समाज अर्थतन्त्र र राज्यका हरेक क्षेत्रमा विशेष अधिकार सहित समान सहभागिताको ग्यारेन्टी गरिनेछ । व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र राज्यसत्ताको मेरुदण्ड मानिने सेना प्रहरी लगायतको सुरक्षा निकायमा समानुपातिक सहभागिता कायम गर्दै जाने नीति अवलम्बन गरिने, जग्गा धनी लालपूर्जा र नागकिरतामा महिला पुरुष दुवैको नाम उल्लेख गर्ने प्रावधान स्थापित गरिने, महिलाहरूलाई

दुबै पेसागत निर्वाध ढंगले लाग्ने वातावरण निर्माण गर्न शिशु स्याहार केन्द्रहरूको स्थापना गरिने, महिला पारिवारिक तथा बाल अदालत गठन गरिने, बादी समुदायका वाध्यात्मक यौन पेसामा संलग्न महिलाहरूलाई ससम्मान पुनर्स्थापना गरिनेछ (नेकपा माओवादीको प्रतिबद्धता पत्र, २०६४ : ३२, ३३) ।

समाजका बहुसंख्यक श्रमिक र विपन्न वर्गहरू र उत्पीडित जाति, क्षेत्र, महिला दलित लगायत समेत लोकतन्त्रको प्रत्याभूति गराउन आवश्यक संवैधानिक व्यवस्था गरिने र लोकतन्त्रलाई वास्तविक रूपमा रूपान्तरण गरिनेछ । महिलाहरूको पैतृक सम्पत्ति लगायत सबै क्षेत्रमा पुरुष सरह समान अधिकार हुनेछ । प्रजनन् र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहित रहने छ (ऐजन, पृ. १३) ।

समाजमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक र अन्य विभेद र असमानताको अन्त्य गर्न र लोकतन्त्रलाई अझ बढी जनमुखी र प्रभावकारी बनाउन राज्यका सबै अङ्ग र जनप्रतिनिधि संस्थाहरू महिला, दलित, उत्पीडित जाति, जनजाति, उत्पीडित क्षेत्र, दुर्गम क्षेत्र मधेश अल्पसंख्यक समुदाय आदिको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ । सबभन्दा तीब्र उत्पीडनमा परेका महिला दलित र मुस्लिम समुदायलाई ऐतिहासिक उत्पीडनको क्षतिपूर्ति स्वरूप निश्चित अवधिसम्म थप विशेष अधिकारको व्यवस्था गरिनेछ ।

यसरी माओवादीले जनतासमक्ष महिलाको अधिकारका सम्बन्धमा कबोल गरेका कुराहरू यिनै हुन् ।

### ख) नेपाली कांग्रेस

२००७ सालमा, २०१५ देखि १७ साल पुस १ गतेसम्म र २०४७ सालको परिवर्तनपछि र २०६३ सालको ऐतिहासिक आन्दोलनपछि अधिकांश समय सत्तामा रहेको नेपाली कांग्रेसको घोषणापत्र २०६४ मा महिला सम्बन्धी निम्न अधिकार घोषणा गरेको छ । जसमा भनिएको छ :

जनसङ्ख्याको आधा भन्दा बढी हिस्सा ओगटने महिलाहरूको राजनैतिक, प्रशासनिक र निर्माण तहमा समावेशी समानुपातिक प्रतिनिधित्व सुनिश्चित गरिनेछ । महिला विरुद्धको भेदभावपूर्ण सम्पूर्ण कानुनहरूको अन्त्य गरिनेछ । महिला तथा बालबालिका विरुद्ध हुने सबै खाले हिंसाको अन्त्य गरिनेछ । हरेक महिलालाई सुरक्षित मातृत्व प्रजनन स्वास्थ्यको हक

सुनिश्चित गर्ने तथा आवधिक रूपमा हरेक नेपाली महिलाहरूको निःशुल्क परीक्षण गर्ने अभियान चलाउने र महिलाको अधिकार सुरक्षित गर्ने राज्यको प्रमुख कर्तव्य हुनेछ (नेपाली कांग्रेसको घोषणापत्र, २०६४ : २९) ।

त्यसैगरी कमैया वादी र अन्य सीमान्त समुदायको अधिकार, सामाजिक सुरक्षा र विकासलाई प्राथमकिताका साथ अगाडि बढाइनेछ । मातृ शिशु स्वास्थ्य सेवाका सम्बन्धमा राज्यले आमा र शिशुको बाँच्न पाउने नैसर्गिक अधिकारलाई सुरक्षित गर्नेछ (ऐजन, पृ. २५) । त्यसैगरी महिला, दलित, बालबालिका, अपाङ्ग, बृद्धबृद्धा आदिवासी जनजाति, मधेसी समुदाय र कर्णाली जस्ता विकट भौगोलिक क्षेत्रमा लक्षित गरिबी निवारणको प्रभावकारी संचालन गरिनेछ । राज्य संरचनामा महिला, उत्पीडित जनजाति, आदिवासी, मधेसी, दलित, श्रमजीवी सबैको पहुँच हुने लोकतन्त्रको निर्माण एवम् विकास गर्न चाहन्छ ।

यसरी संविधानसभाको निर्वाचनको क्रममा नेपाली कांग्रेसले जारी गरेको घोषणापत्रमा उल्लेखित खासै नौलो होइन । अधिकांश समय सत्तामा रहेको नेपाली कांग्रेसबाट बेलाबेलामा जारी भएका प्रतिबद्धता समेत पूरा नभएकोमा कसरी विश्वास गर्न सकिन्छ ।

**ग) नेकपा एमाले**

२०४७ सालपछि नेकपा एमाले प्रमुख प्रतिपक्षीको रूपमा अधिकांश समय रहे पनि केही समय सरकार संचालन समेत गरेको थियो । २०५२ सालमा नेकपा एमाले एक्लैले अल्पमतको सरकार संचालन गरी केही लोकप्रिय काम गर्न सकेको भए पनि त्यसपछि यो पार्टीले खासै जनविश्वास जित्ने कार्य गर्न सकेको पाइँदैन । संविधान सभाको निर्वाचनको क्रममा यो पार्टीबाट जारी घोषणापत्रमा निम्न कुराहरू उल्लेख गरेको पाइन्छ ।

महिला विरुद्धका सबै विभेद शोषण र उत्पीडनको अन्त्य गरिनेछ । राष्ट्रिय जीवनका सबै क्षेत्रमा कम्तिमा ३३ प्रतिशत महिला सहभागिताको हक सुनिश्चित गरिनेछ । छोरा सरह छोरीलाई पैतृक सम्पत्तिमा अधिकार हुनेछ । प्रजनन् र सम्बन्ध विच्छेदको अधिकार महिलामा निहित हुनेछ । शिक्षा र स्वास्थ्यमा महिलालाई विशेष प्राथमिकता दिइनेछ । विशेष गरी महिलाहरू न्यून रहेको श्रम क्षेत्रमा महिला रोजगारीको विशेष योजना लागू गरिनेछ (नेकपा

एमालेको घोषणापत्र, २०६४ : १६) । त्यसैगरी महिला विरुद्धका सम्पूर्ण विभेदकारी कानुन, मान्यता र व्यवहारको अन्त्य गरी समतामूलक समाज बनाइने छ जसमा :

- पैतृक सम्पत्तिमा छोरा र छोरी दुवैको समान अधिकारलाई कडाइका साथ लागू गरिनेछ । महिला उपर हुने सबै प्रकारका हिंसा, शोषण र उत्पीडनको उन्मूलन गरिनेछ । कमलरी, देउकी, झुमा आदि प्रथालाई कानुन बनाई अन्त्य गरिनेछ । पिछडिएका महिलाको लागि मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी विशेष कार्यक्रम ल्याइनेछ ।

- आमा बाबु दुवैको नामबाट नागरिकता र संरक्षकत्व प्राप्त हुने कानुनी व्यवस्था गरिनेछ ।

- मानव वेचविखनको अपराधलाई कडाइका साथ नियन्त्रण गरिनेछ ।

- महिला शिक्षा र रोजगारीका अवसरमा पहुँच पुऱ्याउन विशेष कार्यक्रम लागू गरिनेछ (ऐजन, पृ. ३१) ।

त्यसैगरी महिला, दलित, आदिवासी, जनजाति, मधेसी, मुस्लिम, कर्णाली लगायतका पिछडिएको क्षेत्र, अपाङ्ग आदि सिमान्त समुदायलाई राष्ट्रिय मूल प्रवाहमा स्थापित गर्न समावेश शासन व्यवस्थाको आधार खडा गर्नेछ । कुनै पनि नागरिक माथि वर्ण, लिङ्ग, जात, जाति, आदिको आधारमा भेदभाव गरिने छैन ।

यसरी नेकपा एमालेले महिलासम्बन्धी अधिकारको बारेमा व्यवस्था गरेको छ । खासगरी महिलाको साम्पत्तिक अधिकारका बारेमा खासै बोलेको पाइँदैन ।

### घ) मधेसी जनअधिकार फोरम नेपाल

तराईलाई आफ्नो राजनीतिक केन्द्रविन्दु मानिआएको मधेशी जनअधिकार फोरम नेपाल पनि संविधान सभाको निर्वाचनपछि सत्ताको राजनीतिबाट दुई भागमा विभक्त हुन पुग्यो । यसले खासगरी एक मधेश एक प्रदेश भनी आफ्नो ध्यान केन्द्रित गरेको छ । यो पार्टी दुई भाग मधेशी जनअधिकार फोरम नेपाल र लोकतान्त्रिक मधेशी जनअधिकार फोरम नेपालको घोषणापत्रमा महिला सम्बन्धी अधिकार निम्न रहेको छ :

महिला विरुद्ध विभिन्न क्षेत्रहरूमा हुने गरेका विभेद र असमानतालाई अन्त्य गरी यौन दुर्व्यवहार, हिंसा तथा शोषणबाट उनीहरूलाई सुरक्षित राख्न उपयुक्त कानुनी व्यवस्था हुनुपर्दछ । सरकारका सबै तह र निकायहरूमा भएका र हुने नीति निर्माण गर्ने पदहरू र नेतृत्वमा पुरुष सरह महिलाको समान पहुँच र अवसरको सुनिश्चितता गर्नुपर्दछ । परम्परागत रूपमा रहेका सामन्तवादी चिन्तन विभेद र असमानतालाई अन्त्य गरी महिलाहरूलाई पुरुष सरह स्वतन्त्रता र पूर्ण मानव अधिकारको उपभोग गर्ने ग्यारेन्टी राज्यले गर्नुपर्दछ । महिलाहरूको सशक्तीकरण गरी उनीहरूलाई राष्ट्रिय जीवनको हरेक आर्थिक, सामाजिक, सांस्कृतिक, नागरिक र राजनीतिक क्षेत्रमा महत्वपूर्ण एवम् निर्णायक भूमिका खेल्न सक्ने परिस्थितिको सृजना गरिनुपर्दछ । शिक्षा र सामाजिक चिन्तनको माध्यमबाट महिलामाथि सामाजिक र सांस्कृतिक रीतिरिवाजका नाममा रहेका असमानता, लैङ्गिक शोषण र विभेदलाई अन्त्य गरिनुपर्दछ । महिलाहरूलाई पैतृक सम्पत्तिमा समान अधिकार प्रदान गरिनुका साथै राष्ट्रिय विधायिका, कार्यपालिका, न्यायपालिकाका क्षेत्र तथा सैनिक, वैदेशिक तथा नागरिक सेवा तथा निजी क्षेत्रमा समेत समानताका आधारमा पुरुष सरह अवसर र अधिकारको संवैधानिक प्रत्याभूति गरिनुपर्दछ (मधेशी जनअधिकार फोरम नेपालको घोषणापत्र, २०६४ : १३) ।

यसरी मधेशी जनअधिकार फोरम नेपालले महिलाको हक अधिकारको बारेमा बोले पनि खासै सम्पत्तिका सम्बन्धमा बोलेको पाइँदैन ।

### ङ) राष्ट्रिय प्रजातन्त्र पार्टी

यो पार्टीलाई पूर्व पञ्चहरूको पार्टी पनि भन्ने गरिन्छ । खासगरी यो पार्टीमा पञ्चायती पृष्ठभूमि भएकाहरू अधिकांश रूपमा रहेका र पञ्चायती व्यवस्था संचालन गरेकाहरू रहेका हुनाले यसलाई यसो भनिएको हो तापनि यो पार्टीले संविधानसभाको निर्वाचनमा आफ्नो घोषणापत्रमा यसो भनेको पाइन्छ । अन्तरिम संविधानले व्यवस्था गरेको समानताको हक अनुकूल आधा आकाश ढाकेका महिलाहरूले सशक्तीकरणको मुद्दा नयाँ बन्ने संविधानको मुख्य विषयवस्तु बन्नुपर्दछ भनेर रा.प्र.पा. को प्रतिबद्धता छ :

- महिला र पुरुष दुवैलाई वंशजको समान अधिकारको सुनिश्चितता गर्ने,

- आम नेपाली महिलाहरूका लागि राज्यको सम्पूर्ण क्षेत्रमा समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता गर्ने,
- महिलामाथि हुने सबै प्रकारका शारीरिक र मानसिक हिंसालाई दण्डनीय बनाई क्षतिपूर्तिको समेत व्यवस्था गर्ने,
- महिलाहरूको लागि समय सीमाभित्र पदोन्नतिको व्यवस्था,
- राज्यको नीति निर्माण तहमा महिला प्रतिनिधित्व ३३ प्रतिशत पुऱ्याउन विश्व विद्यालय जस्ता प्राज्ञिक क्षेत्रहरूबाट महिला कर्मचारीहरूलाई मन्त्रालयहरूमा सरुवा,
- जनप्रतिनिधि महिलाहरूको अन्तरपार्टी महिला सञ्जाल विस्तार गर्ने,
- राष्ट्रिय खेलकूद परिषद, नेपाल ओलम्पिक कमिटि र खेलकूदको अन्य निकायहरूमा महिलाको सहभागिता सुनिश्चित गर्ने (राष्ट्रिय प्रजातन्त्र पार्टीको घोषणापत्र, २०६४ : ११) ।

यसरी माथि उल्लेखित घोषणापत्रमा सबैको महिलाहरूको सम्पत्तिभन्दा पनि महिला अधिकारको पक्षमा बढी बोलेको पाइन्छ । खासगरी नेकपा माओवादीले अन्य पार्टीको तुलनामा महिला हक अधिकारमा जोड दिएको पाइन्छ भने अन्य पार्टीहरू सबै महिलाको अधिकारमा जे जस्तो प्रतिबद्धता व्यक्त गरे पनि अधिकांश समय शासन सञ्चालन गरेका पार्टीहरू भएकाले तिनीहरूको कार्य हेरिसकेकोले तिनीहरूबाट खासै आशा गर्न सकिन्न । माओवादी पनि सरकारमा सामेल भइसकेको हुनाले उसबाट पनि अपेक्षित आशा गर्न सकिँदैन । तापनि भविष्यमा बन्ने संविधानमा यी पार्टीहरू महिलाको हक अधिकारमा कसरी अगाडि बढ्छन् त्यसमा हेर्नुपर्ने हुन्छ ।

## २.५ नेपालको सन्दर्भमा विगतमा भएका सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा कानुनी व्यवस्था

नेपालमा कानुनी शासन र कानुनको निर्माण बारेमा उल्लेख गर्ने सन्दर्भ यसको इतिहास त्यति लामो छैन । मुलुकी ऐन १९१० लाई नै पहिलो कानुनी दस्तावेजका रूपमा लिइएको पाइन्छ । त्यसपछाडि निर्माण भएका संविधान सम्बन्धमा गरिएको व्यवस्था निम्नानुसार प्रस्तुत गरिएको छ ।

### २.५.१ नेपाल सरकार वैधानिक कानुन २००४

तत्कालीन नेपालका राणा प्र. म. पद्म शम्शेरद्वारा २००४ साल माघ १३ गते वैधानिक कानुन २००४ जारी गर्दै वि. सं. २००५ साल वैशाख १ गतेदेखि लागु हुने गरी घोषणा गरिएको थियो । श्री ५ र श्री ३ महाराजहरूमा सच्चा भक्ति राख्नुपर्ने र सरकारलाई कर दिने लगायतका कर्तव्यहरू नागरिकहरूका लागि व्यक्तिगत स्वतन्त्रता, वाक् स्वतन्त्र, प्रकाशन स्वतन्त्रता र ऐन कानुनको पूर्ण समानता जस्ता अधिकारहरू मौलिक हकहरू प्रदान गरेको (वैधानिक कानुन, २००४) भए तापनि महिला सम्बन्धी विशेष व्यवस्था गरिएको थिएन र कानुन व्यवहारिक रूपमा कार्यान्वयनमा आउन सकेन ।

### २.५.२ नेपालको अन्तरिम शासन विधान २००७

श्री ५ त्रिभुवनबाट मन्त्रिमण्डलको सल्लाह बमोजिम २००७ साल चैत्र २९ गते देखि जारी गरिएको हो । उक्त शासन विधानले भाग २ मा राज्यका नीति तथा निर्देशक सिद्धान्तहरूको व्यवस्था गर्दै मौलिक हकहरूको समेत व्यवस्था गरिएको पाइन्छ । नीति निर्देशक सिद्धान्त अन्तर्गत नर नारी सबै नागरिकका समान हकमा जोड दिएको थियो । भाग २ दफा १६ मा सम्पत्तिको हक सम्बन्धी व्यवस्था गरिएको जसमा सम्पत्ति आर्जन गर्ने भोग चलन गर्ने, वेचविखन गर्ने अधिकारको व्यवस्था गरिएको थियो (अन्तरिम शासन विधान, २००७) ।

राज्यले धर्म, वर्ण र लिङ्गका आधारमा कुनै नागरिकलाई भेदभाव नगर्ने व्यवस्था गरेको साथै महिलाको विकास र उत्थानका लागि विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरिएको थियो । पुरुष र महिलाको लागि समान कामको लागि समान पारिश्रमिक जस्ता समान अधिकारको व्यवस्था गरेको थियो । यो पनि प्रभावकारी रूपमा कार्यान्वयनमा आउन सकेको पाइँदैन ।

### २.५.३ नेपालको संविधान २०१५

नेपालको संविधान, २०१५ भाग ३ मा मौलिक हक सम्बन्धमा व्यवस्था गरिएको थियो । कानुनका दृष्टिमा सबै नागरिक समान हुन् र कानुनको प्रयोग गर्दा लिङ्ग, वर्ष, धर्म, जात, जाति वा कुनै पनि आधारमा भेदभाव नगरीने व्यवस्था गर्दै महिला र पुरुषबिच भेदभाव गर्न नहुने भाग ३ धारा ६, उपधारा १ मा कानुन बमोजिम बाहेक कुनै पनि अवस्थामा व्यक्तिको सम्पत्ति अपहरण नगरिने व्यवस्था गरेको थियो । सबै व्यक्तिहरूमा

सम्पत्ति आर्जन, भोग, चलन, वेचविखन गर्ने हक रहनेछ भनी व्यवस्था गरेको तर महिलाको हकमा विशेष व्यवस्था गरिएको छैन (संविधान, २०१५, भाग-३, धारा ६, उपधारा-१, २) ।

### २.५.४ नेपालको संविधान २०१९

नेपालको संविधान २०१९ को भाग ३ मा मौलिक हक र कर्तव्यको व्यवस्था गरिएको थियो । सबै नागरिकलाई समान मौलिक हकहरूको व्यवस्था प्रदान गरिएको थियो । संविधानको धारा ११(२)(ङ) ले सम्पत्ति आर्जन, भोग गर्ने, वेचविखन गर्ने स्वतन्त्रता प्रदान गरेको थियो । लिङ्गका आधारमा कुनै पनि भेदभाव गरिने छैन (नेपालको संविधान, २०१९, भाग-३, धारा-११) । भने अर्कोतिर मौलिक हकको प्रयोगमा बन्देज लगाउँदै “स्वास्नी मानिसको हितको संरक्षण गर्ने” विशेष कानुन बनाउन सकिने व्यवस्था गरेको पाइन्छ । तर संविधानमा जेसुकै कुरा भनिएता पनि संविधानमा समानताको कुरा गरिए तापनि व्यवहारमा महिलाका हक अधिकार संरक्षण हुन सकेनन् ।

### २.५.५ नेपाल अधिराज्यको संविधान २०४७

विगतका संविधानहरूमा भएका व्यवस्था भन्दा नेपाल अधिराज्यको संविधान २०४७ ले केही हदसम्म बढी अधिकार प्रदान गरेको देखिन्छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ मा नारी र पुरुषलाई समान रूपमा राख्नका लागि समानताको अधिकारको व्यवस्था गरेको थियो । जस अनुसार उपधारा १ मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन् । नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११ को उपधारा ५ मा सामान्य कामका लागि महिला र पुरुषबिचमा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरेको थियो । सोही संविधानको धाराा १७(१) ले सबै नागरिकलाई प्रचलित कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको कारोवार गर्ने हक हुनेछ भन्ने व्यवस्था गरेको थियो । संविधानको धारा २६(७) अनुसार राज्यले महिलाहरूको हितका लागि शिक्षा, स्वास्थ्य तथा रोजगारी विषयमा विशेष किसिमको नीति बनाउन सक्ने व्यवस्था गरेको थियो (नेपाल अधिराज्यको संविधान, २०४७, भाग-३, धारा, ११, १६, २६) ।

### २.५.६ अन्तरिम संविधान २०६३

नेपालको अन्तरिम संविधान २०६३ विगतका संविधानहरूका भन्दा अगाडी बढेर संविधान भाग ३ को धारा २० मा महिलाको हक सम्बन्धी व्यवस्था गरेको छ । जसले

उपधारा (१) मा महिला भएकै कारणबाट कुनै पनि किसिमको भेदभाव गरिने छैन । उपधारा (२) मा प्रत्येक महिलालाई प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै उपधारा ३ मा कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन । त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ भन्ने व्यवस्था गरिएको छ । त्यस्तै उपधारा (४) ले पैतृक सम्पत्तिमा छोरा र छोरीलाई समान हकको प्रत्याभूति गरेको छ । यस्तै संविधानको धारा २१ मा सामाजिक न्यायको हकका रूपमा आर्थिक सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका महिला, दलित आदिवासी, जनजाति, मधेसी समुदाय उत्पीडित वर्ग, गरिव किसान र मजदुरलाई समानुपातिक, समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी हुने हकको व्यवस्था गरेबाट महिलालाई अगाडि बढाएको देखिन्छ । त्यस्तै संविधानको भाग ४ को धारा ३५ को उपधारा (८) मा महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरी राष्ट्रिय विकासमा सहभागी बनाउने नीति राज्यले अवलम्बन गर्ने भन्ने व्यवस्था गरेको छ । त्यस्तै उपधारा (९) मा राज्यले एकल महिला, अनाथ बालबालिका, असहाय वृद्ध, अपाङ्ग, अशक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति अवलम्बन गर्नेछ । त्यस्तै उपधारा १४ मा महिला उत्थानका लागि विशेष व्यवस्था गर्ने र उपधारा १७ मा वृद्ध अशक्त महिला तथा बेरोजगारलाई कानुनमा व्यवस्था गरी भत्ता दिने नीति अवलम्बन गर्नेछ भन्ने व्यवस्था गरेको छ । त्यस्तै संविधानको भाग ३ मा समानताको हकको व्यवस्था गरेको छ । उपधारा (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान हुनेछन्, कसैलाई पनि कानुनको समान संरक्षणबाट वञ्चित गरिने छैन, उपधारा २ मा सामान्य कानुन प्रयोगमा कुनै पनि नागरिक माथि धर्म, वर्ग, लिङ्ग, जातजाति, उत्पत्ति, भाषा वा वैचारिक अवस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन तर महिला, दलित, आदिवासी, जनजाति, मधेशी वा किसान मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक तथा अपाङ्ग, शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण गरिनेछ । उपधारा ४ मा समान कामका लागि लिङ्गका आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा भेदभाव गरिने छैन भन्ने व्यवस्था गरेको छ ।

राजनीतिक दलको रूपमा निर्वाचनका लागि मान्यता प्राप्त गर्न दल दर्ता गराउनु पर्ने सर्तमा विभिन्न स्तरका कार्यकारिणी समितिमा महिला समेत रहने व्यवस्था गरिएको

हुनु पर्दछ भन्ने व्यवस्था गरेबाट महिलाको राजनीतिक क्षेत्रमा व्यवस्था गरेको छ (अन्तरिम संविधान, २०६३) ।

## २.६ नेपालमा महिलाहरूको सामाजिक आर्थिक स्थिति

विश्वको जनसङ्ख्याको लगभग आधा भाग महिलाहरूले ओगटेका छन् । जनसङ्ख्याको अनुपातमा नेपालमा पुरुषको तुलनामा महिलाहरू नै बढी रहेका छन् । पुरुष र महिलाको अनुपात हेर्दा ५०.१% महिला रहेको देखिन्छ । यसको अर्थमा नेपालको कुल जनसङ्ख्या २००१ को तथ्याङ्क अनुसार २३१५१४२३ छ जसमा पुरुष जनसङ्ख्या ११५६३९२१ छ भने महिला जनसङ्ख्या ११५८७५०२ छ । जसमा ६५% पुरुष साक्षरता दर छ भने महिला ४३% मात्र रहेको छ । यी तथ्याङ्कबाट के थाहा हुन्छ भने आधा आकाश ओगट्ने महिलाहरू ठूलो सङ्ख्यामा अशिक्षित, अविकसित र अधिकारबाट वञ्चित छन् । देशको विकास सम्भव छ ?

वर्तमान नेपाली महिला शिक्षा, स्वास्थ्य र पेसाको आधारमा हेर्दा पुरुषको तुलनामा निकै न्यून देखिन्छ । महिला एक शिक्षित हुनु भनेको परिवार नै शिक्षित हुनु हो । तर पेसाको आधारमा नेपालमा ८०% महिलाहरू कृषि पेसामा संलग्न भएर प्रतिदिन औसत १४ घण्टा काम गर्दछन् । अधिकृत स्तरमा ४.६%, राजपत्र अनङ्कित श्रेणी विहिन पदहरूमा ५.५% महिला कर्मचारी कार्यरत छन् । बाल विवाह, बहुविवाह, महिला वेचविखन तथा आर्थिक विपन्नताको कारणले कयौं नेपाली महिला विदेशिएका छन् भने समाजमा देह व्यापारको कारणले विभिन्न यौन रोग, प्राणघातक HIV/AIDS जस्ता रोगहरू भित्रिएका छन् । १८ लाख महिला विदेशिएका छन् । बाँकी महिलाहरू भौगोलिक विकटता र अशिक्षाको कारणले गर्दा अकालमा जीवन गुमाउन र सामाजिक शोषण दमनको शिकार भएका छन् । यसरी हेर्दा विद्यमान अवस्थामा नेपाली महिलाहरूको सामाजिक, आर्थिक स्थिति पुरुषको तुलनामा नाजुक छ ।

नेपालका अधिकांश महिलाहरू दैनिक कार्य श्रममा धेरै लाग्ने कृषि, घरेलु काम धन्दा मात्रै सिमित रहेका छन् । परिवारमा नगद परिचालनको निर्णय गर्ने कार्यहरू पुरुषका तुलनामा नगन्य मात्रामा गर्दछन् । केही कुरामा मात्र महिला र पुरुष मिलेर गर्दछन् । अधिकांश परिवारमा आर्थिक मामिला सम्बन्धी पुँजीगत निर्णय गर्दा केवल पुरुषहरूका बिचमा मात्रै सल्लाह गर्ने गरेको देखिन्छ । नेपालको मानव विकास प्रतिवेदन १९९८ ले

जनाए अनुसार आर्थिक मामला सम्बन्धी ४२%, पुँजीगत निर्णयहरू पुरुषले गर्दछन् । यसरी घर गृहस्थी सहभागिता अत्यन्तै न्यून रहेको छ (UNO, 1999)।

सन् १९९५ मा नेपालका तर्फबाट पेश गरिएको प्रतिवेदनमा जम्मा नेपाली जनसङ्ख्याको ५०.१३% महिलामा ४५.५% महिलाहरू आर्थिक रूपमा सक्रिय रहेका छन् भने ६८.७१% पुरुष आर्थिक उपार्जन कार्यमा संलग्न छन् । झण्डै ९१% महिलाहरू कृषि क्षेत्रको आर्थिक उपार्जनमा सक्रिय छन् भने ७५% पुरुष सक्रिय छन् । व्यक्तिगत र सामुदायिक सेवामा लागेर आर्थिक उपार्जन गर्ने ५% भन्दा पनि कम महिलाहरू रहेका छन् । २.०४% व्यापार र १.१६% निर्माण कार्यमा संलग्न छन् भने अन्य क्षेत्रको रोजगारी सेवामा नगन्य रूपमा रहेका छन् । जसको कारण आर्थिक पराधिनता र पारिवारिक रूपमा स्वभाविक उत्तरदायित्व नै हो । महिलाको आर्थिक स्थिति दोस्रो दर्जाको नागरिकको सरह रहेको छ । नेपालमा महिलाहरूका लागि रोजगारिका अवसरहरू अत्त्तै न्यून रहेको छ । (HMG, 1995)।

समाजिक अवस्थामा समाज र परिवारमा महिलाको स्थान र नीति निर्णय निर्माणको सामाजिक प्रक्रियामा महिलाको सहभागिता कस्तो छ भन्ने हुन्छ । पितृसतात्मक समाजमा महिलाको स्थिती गौण रहेको छ । जसका कारण महिलाको भूमिकालाई कम महत्व दिइन्छ । घरमा छोरा जन्माउँदा उत्सव गरिन्छ भने छोरी जन्मँदा आमा बाबुले महसुस गर्दछन् । केटाहरू भन्दा केटीहरू बढी काम गर्दछन् । केटीलाई स्कुल जान रोक लगाउने, खानपान स्वास्थ्यको क्षेत्रमा पनि भेदभाव गर्ने स्वतन्त्रतामा भेदभाव गर्ने प्रचलनबाट जन्मेदेखि नै अर्काको घरमा दिनुपर्ने भन्ने मानसिकताले ग्रस्त रुढीवादी समाजमा केटीहरूप्रतिको व्यवहार सानैदेखि भेदभावपूर्ण रहेको छ । केटीलाई वस्तु सरह दान दिनु, दान दिँदा मारे पाप, पाले पुण्य भन्ने युक्तीका साथ सुम्पनुबाट पनि छोरीलाई कुनै निर्जीव वस्तु सरह व्यवहार गरेको मान्न सकिन्छ । नेपालमा जातिगत विविधताको कारणले परम्परागत हिन्दु परिवार र गैर हिन्दु परिवार महिलाको हैसियत शक्ति र अधिकार एवं निर्णय गर्ने प्रक्रियामा उनीहरूको सहभागिता फरक रहेको पाइन्छ । हिन्दु समुदायभित्र नीति निर्णय लिने प्रक्रियामा महिलाको सहभागिता अति न्यून रहेको छ । परिवारमा लगभग ६०% निर्णयहरू पुरुष मात्रैले गर्दछन् भने ३५% सल्लाहले गर्दछन् । तर मंगोलियन समुदायमा ७०% निर्णयहरू महिला एक्लैले

गर्दछन् । यसबाट के पुष्टि हुन्छ भने जातिगत आधारमा सामाजिक हैसियत फरक भएको पाइन्छ ।

### २.६.१ शिक्षामा महिला

राष्ट्रिय योजना आयोगको शिक्षा सम्बन्धी सुपरीवेक्षक सूचनाका आधारमा केटाहरूको तुलनामा केटीहरू विद्यालय छाड्ने जोखिममा छन् । यस्तो हुनुमा केटीहरूले मुख्यतया घरको काममा विहान वेलुकी सघाउनुपर्ने घरमा पढ्ने  समय नपाउने नै रहेको छ । धेरैजसो परिवारमा छोरीलाई औपचारिक शिक्षा दिनुको सट्टा वैवाहिक जीवन उपयोगी कृषिघर गृहस्थीका सीपहरू सिकाउनुलाई प्राथमिकता दिइन्छ । छोरीलाई विवाह पछि अर्काको घरमा पठाउनुपर्ने हुँदा धेरै जसो बाबु आमाहरू छोरीको पढाइतर्फ खर्च गर्न चाहँदैनन् । परिवारमा छोरा छोरीको पढाइ खर्चको बाँडफाँड गर्दा छोरीको पढाइमा भन्दा छोराको पढाइलाई प्राथमिकता दिन्छन् (मानव विकास प्रतिवेदन, १९९८) ।

केटीहरूलाई स्कूलमा आउन बढी प्रेरित गर्न प्रत्येक स्कुलमा कम्तीमा १ जना महिला शिक्षिका राख्ने नीति अवलम्बन गरिएपनि शिक्षिकाको अनुपात १७% मात्र रहेको छ । सन् १९९१ को जनगणना अनुसार प्राथमिक शिक्षा प्राप्त महिलाहरू ३४.९% र माध्यमिक शिक्षा प्राप्त २८.२% र उच्च शिक्षा हासिल गरेका २४.१% थिए ।

राष्ट्रिय योजना आयेगद्वारा प्रकाशित तथ्याङ्क सन् २००३ का अनुसार पुरुष साक्षरता ६५.८% रहेकोमा ४२.४९% महिला  साक्षरता रहेको उल्लेख छ (राष्ट्रिय योजना आयोग, २००३) ।

### २.६.३ राजनीतिमा महिला

समाजका हरेक क्षेत्रमा महिला र पुरुषको समान सहभागिता हुनुपर्दछ भन्दै संविधानले नै समानताको हक प्रदान गरी महिलालाई नागरिक हकका रूपमा राजनीतिक अधिकार प्रदान गरेको भए पनि अशिक्षा, अज्ञानता, गलत सामाजिक संस्कारका कारण पुरुष सरह महिलाहरूले राजनैतिक अधिकार प्राप्त गर्न नसकेको पाइन्छ । महिलाहरूको सहभागिता वृद्धिको लागि संविधानले नै सुविधाहरू प्रदान गर्न सक्ने व्यवस्था समेत गरेको छ । संविधानद्वारा पुरुष समान अधिकार प्रदान गरी थप आरक्षणको व्यवस्था गर्दा पनि सामाजिक मूल्य र मान्यताका कारण राजनीतिमा महिला रहभागिता कमी नै रहेको छ ।

नेपाल अधिराज्यको संविधान २०४७ ले महिला र पुरुषलाई समान रूपमा मतदान गर्ने पूर्ण अधिकार प्रदान गरेको छ र प्रतिनिधि सभाको निर्वाचनमा हरेक राजनैतिक दलहरूले कम्तीमा ५% महिलाहरूलाई उम्मेदवार बनाउनुपर्ने प्रावधान राखेपछि २०४८ सालको आम निर्वाचनमा ८ जना महिला जनप्रतिनिधी निर्वाचित भएका थिए भने मध्यावधी निर्वाचन २०५१ को आम निर्वाचनमा १२ जना संसद सदस्य निर्वाचित भएका थिए (५.५८%) राष्ट्रिय सभामा ६० जना मध्ये ९ जना (१५%) सांसद थिए ।

नेपालको लोकतान्त्रिक आन्दोल २०६२/२०६३ पश्चात निर्मित अन्तरिम संविधान २०६३ ले प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय र लैंगिक समस्या समाधान गर्न राज्यले अग्रगामी भूमिका खेल्ने उल्लेख गरेअनुरूप संविधानले ३३% महिला सांसद हुने विशेष व्यवस्था गरे अनुरूप हालको संविधानसभामा १९७ जना (निर्वाचित र समानुपातिक) आधारमा प्रतिनिधित्व गरेका छन् (महिला सशक्तीकरण चासो र उपलब्धी, सशक्तीकरण, माथेमा, २०६६) ।

### २.६.४ महिलाहरूमा घरेलु हिंसा

महिलाहरू पुरुषभन्दा शारीरिक रूपमा कमजोर भएका कारण विभिन्न घरेलु हिंसाको शिकार बन्नुपर्दछ । उनीहरू यस्ता हिंसाबाट पिडित बने पनि आफ्ना कुराहरू डर, त्रास, शंकाका कारणले बाहिर ल्याउन चाहँदैनन् । फलस्वरूप उनीहरू अझ बढी हिंसाको शिकार बन्न पुग्दछन् । महिला विरुद्ध घरेलु हिंसा निम्त्याउने प्रमुख कारण दाइजो, जाड, रक्सी, जुवातास, परस्त्री राख्ने बाल विवाह, बहु विवाह आदि नै प्रमुख कारक रहेका छन् ।

१९८८ मा भारतमा सम्पन्न भएको महिला संगठनहरूको एक सम्मेलनमा पारित प्रस्तावनमा भनिएको थियो, महिलाहरूले हिंसाको विशेषगरी सामना गर्नु पर्दछ । जस्तो बलात्कार र अरू यौन अत्याचार, गर्भभित्रको वच्चाको हत्या, बोक्सीको नाममा महिलाको हत्या, सती, दाइजो हत्या, स्वास्नी कुटपिट, यस्ता सबै हिंसा र यसका डरको कारण महिलाहरू असुरक्षाको भावनाले त्रस्त छन् । जसको कारण तिनीहरू घर भित्रै कैद जस्तै भएर रहन्छन् र आर्थिक शोषण तथा सामाजिक दमनबाट पिडित हुन्छन् । घर, समाज र सरकारद्वारा हुने गरिने यस्ता हिंसा विरुद्ध हुने हाम्रो संघर्षमा हामी यो मान्दछौं सरकार नै यस हिंसाको ठूलो स्रोत हो । यसले परिवार काम गर्ने ठाउँ तथा छरछिमेकमा पुरुषद्वारा महिला विरुद्ध गरिने सबै किसिमको हिंसाको मद्दत पुऱ्याउँदछ । यही कारणले गर्दा विशाल

महिला आन्दोलनले गर्दा भित्र र बाहिर पनि यसको विरुद्धको संघर्ष बारे पनि ध्यान केन्द्रित गरिनु पर्दछ (ऐजन, पृ. १७) । यसरी घरेलु हिंसा नै महिलाको प्रमुख समस्या बनेको छ ।

# अध्याय तीन

## अनुसन्धान पद्धति

## ३.१ अध्ययनक्षेत्र छनोट

विगतदेखि चर्चा र चासोको विषय बनिरहेको विषयवस्तु सम्पत्तिमाथि महिलाको पहुँच जस्तो महत्त्वपूर्ण विषयमा कानुनी पुष्टि भए नभएको साथै नेपाली समाज ग्रामीण परिवेशबाट गुज्रँदै गर्दा नेपाली महिलाको सम्पत्तिमा समान पहुँच सम्बन्धमा जानकारी भए नभएको साम्पत्तिक पहुँच कतिले बुझेका र यसको प्रभावका बारेमा के कस्तो प्रतिक्रिया पाउन सकिन्छ भनेर बुझ्नका लागि नै प्रस्तुत विषय छनोट गरिएको छ । नेपालका ग्रामिण क्षेत्रमा बसोवास गर्ने चेतना भएका मानिसहरूको यस सम्बन्धमा सकारात्मक र नकारात्मक धारणा त्यसको व्यवहारिक पक्ष र प्रभावका सम्बन्धमा पश्चिमाञ्चल विकासक्षेत्र, गण्डकी अञ्चल, तनहुँ जिल्ला, गजरकोट गा. वि. स. वडा नं. ५ र ६ का वासिन्दाको धारणा र लैंगिक अवस्थाका सम्बन्धमा जानकारी पाउने उद्देश्यले यो विषय छनोट गरिएको छ । सम्पत्ति र पहुँच एक अर्काका अभिन्न अङ्ग भएकोले एकको अभावमा अर्काको अस्तित्व समाप्त हुन्छ । त्यसकारणले पनि सम्पत्ति र पहुँच जस्तो शीर्षक छनोट गरिएको छ ।

## ३.२ अनुसन्धानको ढाँचा

उपर्युक्त शोधपत्र र अनुसन्धान विश्लेषणात्मक तथा वर्णनात्मक स्वरूपको हुनेछ । यस अध्ययनमा महिलाको सम्पत्तिमाथि पहुँचको अवस्थालाई वर्णनात्मक तथा अनुसन्धानबाट प्राप्त गरिएको सूचनालाई विश्लेषणात्मक रूपले प्रस्तुत गरिनेछ । समाजका चेतनशील मानिसहरूसँग महिलाहरूलाई सम्पत्तिमाथि महिलाको पहुँच हुँदा त्यस सम्बन्धमा धारणालाई प्राप्त तथ्याङ्कहरूलाई विश्लेषण गरिनेछ ।

## ३.३ नमूना छनोट प्रक्रिया र आकार

अध्ययनक्षेत्रको छनोट गर्दा अध्ययन कार्यलाई सरलीकरण गरी प्रभावकारी बनाउन शोधकार्यलाई अन्तिम रूप दिन तनहुँ जिल्ला जगरकोट गा. वि. स. वडा नं. ५ र ६ का २८५ घरधुरीका १७४७ कुल जनसङ्ख्या मध्ये ९०४ महिला सङ्ख्यामा गोलाप्रथा विधिद्वारा ५८ जना छनोट गरी तिनीहरूबिच प्रश्नावली, सर्वेक्षण फारम वितरण गरी उत्तरदाताहरूबाट आएका धारणाहरूलाई आधार मानी अभिमतहरू संकलन गरी अध्ययन कार्यलाई अगाडि लगिनेछ । सङ्ख्यात्मक पक्षलाई  भन्दा गुणात्मक पक्षलाई जोड दिइएको छ ।

### ३.४ तथ्याङ्क संकलन विधि

यस शोधपत्र तयार गर्ने क्रममा अनुसन्धानका विभिन्न पद्धतिहरूलाई अवलम्बन गरिएको छ । गुणात्मक एवम् सङ्ख्यात्मक तथ्याङ्कहरूको मद्दतबाट नै अनुसन्धानलाई उपलब्धीमूलक बनाउन सकिने हुँदा यस शोधपत्रमा पनि अनुसन्धानका लागि संरचित प्रश्नावलीहरू निर्माण गरिएको थियो र तिनै प्रश्नावलीहरूका आधारमा उत्तरदाताहरूलाई प्रत्यक्ष भेटेर प्रश्नावलीको आफूलाई लागेको सही जवाफ दिन अनुरोध गरिएको अन्तर्वार्ता र छलफल आदि जस्ता अनुसन्धान पद्धतिहरूलाई स्थान दिइएको छ ।

तथ्याङ्कहरूलाई दुई किसिमले लिइएको छ ।

१. प्राथमिक स्रोतबाट लिइएको तथ्याङ्क

२. द्वितीय स्रोतबाट लिइएको तथ्याङ्क

#### ३.४.१ प्राथमिक स्रोतबाट लिइएका तथ्याङ्कहरू

प्राथमिक स्रोतबाट लिइएका तथ्याङ्कहरू नै विश्वसनीय र स्तरीय हुन्छन् । सोही कारण यस शोधपत्र तयार गर्दा प्राथमिक तथ्याङ्कलाई बढी जोड दिइएको छ । त्यतिमात्र नभई सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा कमै मात्र अनुसन्धान भएका छन् । यसो हुँदा यस अध्ययनमा प्राथमिक स्रोतमा नै भर पर्नु परेको छ । यस्ता तथ्याङ्कहरू स्थलगत सर्वेक्षणमा आधारित रहेका छन् । यी तथ्याङ्कहरूले व्यक्तिको व्यक्तिगत धारणा, ज्ञान, मनोभावना जान्न र बुझ्न सहयोग पुऱ्याएको छ । प्राथमिक स्रोतहरू संकलन गर्दा निम्नानुसारका विधिहरू अपनाइएका छन् ।

#### क) प्रश्नावली सूची

प्रश्नावली तथ्याङ्कहरूलाई संग्रह गर्ने प्रभावकारी साधन हो । शोधका लागि आवश्यक प्रश्नहरू सरल भाषमा तयार गरी उत्तरदाताहरू समक्ष राखिएको थियो । विद्यार्थी, शिक्षक, कर्मचारीहरूका माझमा गई प्रश्नावली फारम भर्न लगाई प्रश्नावली संकलन गरिएको थियो । अनुसन्धानका उद्देश्यहरूसँग सम्बन्धित पक्षहरू समेट्ने प्रश्न भरिएका उत्तरहरू र अन्य थप जानकारी र सुझावहरूलाई नोट गरिएको थियो । यस अध्ययनको क्रममा तयार पारिएका प्रश्नावलीको नमूना पछाडी अनुसूचीमा राखिएको छ ।

### ख)	समूह छलफल

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा अध्ययनक्षेत्र भित्र रहेका आमा समूह र महिला उत्थानका क्षेत्रमा काम गर्ने संघ संस्थामा कार्यरत प्रतिनिधीहरूसँग छलफल गरी आवश्यक तथ्याङ्क संकलन गरिएको थियो । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा अध्ययनक्षेत्रभित्र रहेको कृष्ण गण्डकी आमा समूह, श्री कृष्ण उच्च मा. वि. का १०+२ मा अध्यापन अध्ययन गर्ने शिक्षक विद्यार्थी, अध्ययनक्षेत्रका सरकारी कार्यालयका कर्मचारीहरूको बिचमा मिति २०६८/१२/१३ गते ५८ जना सदस्यहरूको उपस्थितीमा सम्पत्तिमाथि महिलाको पहुँच हुँदा परिवारमा कस्तो प्रभाव पर्ला भनी १ पटक छलफल गरिएकोमा ४९ जना ८४.५ प्रतिशतले राम्रो प्रभाव पर्छ, ५ जना ८.६ प्रतिशतले प्रभाव पर्दैन र ४ जना ६.९ प्रतिशतले नराम्रो प्रभाव पर्छ भनी आफ्नो प्रतिक्रिया दिएको पाइयो । यस अध्ययनका आधारमा के स्पष्ट हुन्छ भने ८४.५ प्रतिशतले राम्रो प्रभाव पर्ने भनेको आधारमा सम्पत्तिमाथि महिलालाई समान पहुँच दिँदा राम्रो प्रभाव पर्ने कुरालाई जोड दिएको पाइयो ।

यस शोधपत्रको क्रममा सम्बन्धित अध्ययनक्षेत्र भित्र रहेका महिला विकास समूहसँग मिति २०६८/१२/१५ गते सम्पत्तिमाथि महिलाको पहुँच हुँदा नातेदारीमा कस्तो प्रभाव पर्ला भनी ५८ जनाको उपस्थितीमा १ पटक व्यापक छलफल गरी अध्ययन गर्दा अध्ययनबाट ६२.१ प्रतिशत ले प्रभाव पार्दैन, २५.९% ले प्रभाव पार्छ र १२.1% ले खराव/नराम्रो प्रभाव पार्छ भन्ने समूहको छलफलबाट निष्कर्ष आएकोले समग्रमा प्रभाव पार्दैन भन्नेको प्रतिशतको बाहुल्यता बढी रहेकोले यसले पारिवारीक नातेदारीमा खासै असर पार्दैन भन्ने पाइयो ।

### ३.४.२ द्वितीय स्रोतबाट लिइएका तथ्याङ्कहरू

द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गर्ने क्रममा प्रस्तुत विषयका सन्दर्भमा प्रकाशित पुस्तकहरू संविधानहरू, मुलुकी ऐन, महिला अधिकारका लेख रचनाहरू, पुस्तकहरू, महिला हक अधिकारसँग सम्बन्धित लेख प्रकाशनहरू, विगतका शोधपत्रहरू, पत्र पत्रिका, सेमिनार गोष्ठीमा भएका छलफलहरू एवम् निष्कर्षहरूको अध्ययन गरी आवश्यक र सम्बन्धित विषयसँग सम्बन्ध राख्ने तथ्याङ्कलाई आधार मानिएको छ । प्रस्तुत विषयमा अध्ययन गरिएका पत्र पत्रिका, पुस्तकहरू, प्रतिवेदनहरू, प्रगति विवरणहरू सन्दर्भ सामग्रीको रूपमा लिइएको छ ।

### ३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण विधि

प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा संरचित प्रश्नावलीहरू छनोट गरिएका उत्तरदाताहरूबाट भर्न लगाई संकलन गर्ने कार्य समाप्त भएपछि संकलन गरिएका फारमहरूको अध्ययन गरियो र निचोडमा पुग्नका लागि प्राप्त तथ्याङ्कलाई प्रस्तुतीकरणका लागि कोडिङ्ग गर्दै विभिन्न शीर्षकहरूमा तालिकीकरण गरी तालिका तयार गरिएको छ । सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा देखिएका समस्या समाधानका उपाय पत्ता लगाउन पारिवारिक परिवेश, पारिवारिक निर्णय, घरायसी कामको बाँडफाँडको जिम्मेवारी, सम्पत्तिमाथि महिलाको पहुँचको स्थिति सो को जानकारी कार्यान्वयन पछिको प्रभावसँग सम्बन्धित धारणा प्राप्त गरी विश्लेषण गरी प्राप्त तथ्याङ्कको आधारमा औचित्य पुष्टि गरिएको छ । सङ्ख्यात्मक भन्दा गुणात्मक तथ्याङ्कलाई जोड दिइएको छ ।

### ३.६ अध्ययनको सीमा

प्रस्तुत अध्ययन स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको सिलसिलामा गरिएकोले सोही परिधी र सीमामा बढी केन्द्रित छ । अनुसन्धानकर्ता विद्यार्थी नै भएकोले अनुसन्धानका साधन स्रोतको अभावको कारण कतिपय कुराहरू पुरा गर्न सकेको छैन । अध्ययन क्षेत्र गण्डकी अञ्चल, तनहुँ जिल्ला, गजरकोट गा. वि. स. लाई लिई सो मा पनि +२ मा अध्यापनरत विद्यार्थी, शिक्षकहरू, ५८ घर परिवारका वासिन्दाहरू, विभिन्न सरकारी तथा गैर सरकारी संस्थामा कार्यरत कर्मचारीहरू आदि लाई मात्र लिइएको हुँदा नेपालको पुरै क्षेत्रको प्रतिनिधित्व यस अध्ययनले नगर्ने हुँदा अन्य क्षेत्रका सन्दर्भमा सामान्यीकरण गर्न मिल्दैन ।

# अध्याय चार

## उत्तरदाताको सामाजिक आर्थिक र जनसांख्यिक विशेषताहरू

यस अध्यायमा विशेष गरी उत्तरदाताहरूको सामाजिक, आर्थिक, जनसांख्यिक स्थितिलाई विश्लेषण गरिएको छ । उत्तरदाताहरूको लिङ्ग, उमेर समूह, जात जाति, धर्म, परिवारको बनावट, आर्थिक अवस्थाको तालिकागत रूपमा विश्लेषण गरिएको छ ।

## ४.१ अध्ययन क्षेत्रको भौगोलिक पृष्ठभूमि

विश्व मानचित्रमा यो तनहुँ जिल्ला अर्न्तगतको गजरकोट गा. वि. स. २७.८५° देखि २७.९१° सम्मको उत्तरी अक्षांश र ८३.८४° देखि ८४.०२° पूर्वी देशान्तरसम्म फैलिएर रहेको छ । यस गाउँ विकास समितिको पूर्वमा घिरिङ्ग, सुन्धारा गाउँ विकास समिति, पश्चिममा स्याङ्जा जिल्लाको साँखर गाउँ विकास समिति, उत्तरमा किहुँ गाउँ विकास समिति, दक्षिणमा पाल्पा र नवलपरासी जिल्ला पर्दछन् । राजनीतिक विभाजनका हिसाबले यो गाउँ विकास समिति जिल्लाको निर्वाचनक्षेत्र नं. ३ र इलाका नं. ९ अन्तर्गत रहेको छ । नौ वटा वडाहरू र ४६ वटा बस्तीहरूमा विभाजित यस गाउँ विकास समितिको प्रशासनिक कार्य वडा नं. ८ मा रहेको गजरकोट गा. वि. स. को कार्यालयबाट हुने गरेको छ ।

समथर फाँटहरूका साथ केही भिरालो धरातलीय स्वरूपले बनेको यस गाउँ विकास समिति समुद्र सतहबाट २९८ मिटर देखि ८८० मिटरसम्मको उचाइमा फैलिएर रहेको छ । कुल क्षेत्रफलको करिव २८.२१ वर्ग कि. मि. रहेको यस गाउँ विकास समितिको भू-उपयोग स्थिति देहाय वमोजिम छ :

| | | |
|---|---|---|
| कृषि भूमि | : | ४८.१५% |
| जंगल | : | ३७.८२% |
| चरण, झाडी, बुट्यान क्षेत्र | : | ९.६% |
| खोला नाला, आवास क्षेत्र | : | ४.४३% |

## ४.२ जनसङ्ख्या विवरण (वडागत)

यस शोधपत्र तयार गर्ने प्रयोजनका लागि गाउँ विकास समितिको प्रोफाइलको आधारमा वडास्तरीय बस्ती, सङ्ख्या, घरधुरी तथा जनसङ्ख्या देहाय बमोजिम छ ।

**तालिका नं. ४.१**

**जनसांख्यिक विवरण**

| वडा | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| बस्ती सङ्ख्या | ४ | ७ | ३ | २ | १ | १ | ९ | ५ | १४ | ४६ |
| घर सङ्ख्या | ७१ | १४१ | ५२ | १३८ | १४८ | १३७ | १६७ | १०८ | १७९ | ११३२ |
| महिला | २२४ | ४६१ | २०७ | ४३५ | ५२६ | ३७८ | ५३९ | ३३५ | ५४२ | ३६४७ |
| पुरुष | २१५ | ४५० | १७२ | ४१४ | ४९८ | ३४५ | ५२८ | ३४५ | ५६४ | ३५३१ |
| जम्मा | ४३९ | ९११ | ३७९ | ८४९ | १०२४ | ७२३ | १०६७ | ६८० | ११०६ | ७१७८ |

*स्रोत : गा. वि. स. प्रोफइल, २०६७*


उपर्युक्त तालिका अनुसार यस गाउँ विकास समितिमा प्रति बस्ती औषत घर सङ्ख्या २५ रहेको छ । उक्त बस्तीहरूमा कम्तीमा ३ घर र बढीमा १३७ घरहरू रहेका छन् । यी बस्तीहरूमध्ये ३५ वटा छरिएका, ७ वटा मूल बाटोको दायाँ बायाँ लहरै फैलिएर रहेका र ४ वटा गुमुजु परेका छन् । वडा नं. ५ अन्तर्गत रहेको अत्रौली पुट्टार गा. वि. स. कै सबभन्दा ठुलो बस्ती हो ।

यस गजरकोट गा. वि. स. मा व्राह्मण, मगर, नेवार जातीय समुदायको बाहुल्य छ । कुल जनसङ्ख्याको ३०% बाहुन, क्षेत्री, ठकुरी, २६% मगर, कामी, दमाई, सार्की २०%, नेवार १६%, कुमाल दरै ७% रहेका छन् । मगर जातिमा संयुक्त परिवार प्रथाको प्रचलन भए तापनि अन्य जातिहरूमा छुटपुट बाहेक एकल परिवारको बाहुल्यता पाइन्छ ।

**अध्ययनक्षेत्र : तनहुँको गजरकोट**




**चित्र नं. ४.१**
**वडास्तरीय जनसङ्ख्या विवरण (स्तम्भचित्र)**




*स्रोत : गा. वि. स. प्रोफाइल, २०६७*

उक्त स्तम्भ ग्राफमा गजरकोट गा. वि. स. को वडास्तरीय जनसङ्ख्या महिला र पुरुषलाई ग्राफमा प्रस्तुत गरिएको छ । सबैभन्दा बढी जनसङ्ख्या रहेका वडाहरू ५, ७ र ९ हुन् भने सबैभन्दा कम जनसङ्ख्या भएका वडा ३ र १ हुन् । उक्त वडाहरूमध्ये ५, ६ नम्बर वडालाई अध्ययन क्षेत्रको रूपमा छनोट गरिएको छ ।

## ४.३ सामाजिक तथा सांस्कृतिक अवस्था

गजरकोट गा. वि. स. ५ र ६ का वडाहरूमा बाहुन, मगर, कामी, दमाई, सार्की, दरै, कुमाल, नेवार जातिका मानिसहरू हिन्दू धार्मिक परम्परामा सञ्चालित छन्  र यहाँका सम्पूर्ण जातिहरू (९८.६%) हिन्दू र १.६% वौद्ध धर्म मान्दछन् । हिन्दू संस्कार अनुसार मतवाली जातिका मानिसहरू समाजमा अन्य जातिहरू जस्तै ब्राह्मण, क्षत्री, ठकुरी, नेवारको तुलनामा पछाडी परेको देखिन्छ । यहाँका मानसिहरूको बोलीचाली, खानपान, रहनसहन, भेषभुषामा समय सापेक्ष केही हदसम्म परिवर्तन भएको पाइन्छ । समय परिवर्तनसँगै महिलाहरूको सामाजिक अवस्थामा पनि जनचेतना, शिक्षा र जागरणका कारण विगतको तुलनामा उनीहरूप्रति हुने अन्याय, अत्याचार, भेदभाव जस्ता घरेलु हिंसाबाट आंशिक रूपमा कमी हुँदै गएको अवस्था छ । अध्ययन अनुसन्धान क्षेत्र भ्रमणबाट थाहा हुन आएको छ ।

सांस्कृतिक सन्दर्भमा यहाँका वासिन्दाहरूले मुख्यतया हिन्दू धर्मालम्बीहरूको महान् चाड दशैं र तिहार जस्ता चाडपर्वहरू मनाउने गर्दछन् साथै स्थानीय चाडपर्वहरू र आ-आफ्ना जातजाति अनुसार देवी देवताको पूजा आरधना गर्ने गर्दछन् । हरेक जाजाति अनुसार जन्म, विवाह र मृत्युमा आधारित परम्परागत संस्कारहरू प्रचलनमा रहेको पाइन्छ ।

## ४.४ लिङ्ग अनुसारको विवरण

सम्पत्तिमाथि महिलाको पहुँच हुँदा महिलामा के कस्तो प्रभाव वा भूमिका रहन्छ साथै महिलाको सम्पत्तिमाथि पहुँच सम्बन्धी विषयमा मानिसहरूमा लिङ्ग अनुसार फरक फरक धारणाहरू हुन सक्दछन् । महिलाहरू सम्पत्तिमाथि पहुँच हुनु आवश्यकताका रूपमा लिन्छन् भने पुरुषहरू आवश्यक छैन भन्न सक्दछन् ।

प्रस्तुत विषयवस्तु महिलासँग सम्बन्धित भएको कारण सङ्ख्यात्मक रूपमा महिलाहरूको सङ्ख्या पुरुषको सङ्ख्याभन्दा बढी लिइएको छ । जसलाई निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.२**

**उत्तरदाताको लिङ्ग अनुसारको विवरण**

| लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | ३१ | ५३.४ |
| पुरुष | २७ | ४६.६ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथि उल्लेखित तालिका अनुसार पुरुष र महिला दुबैलाई लिइएको छ । प्रस्तुत शोधपत्रमा मूलतः ५ वटा फरक फरक पेसा वर्ग र क्षेत्रका व्यक्तिहरूसँग अनुसन्धान गरिएको हुँदा सबै क्षेत्रबाट प्रतिनिधित्व हुने गरी ५३.४% महिला र ४६.६% पुरुषहरू उत्तरदाताका रूपमा लिइएको छ । सकभर सबै वर्ग र पेसाको विषय महिलासँग सम्बन्धित भएको र उत्तरदाताहरू पनि महिला हुँदा सकारात्मक उत्तर दिनेहरूको सङ्ख्या धेरै पाइयो । पुरुषहरूको धारणा समेत महिलालाई सम्पत्तिमाथि पहुँच दिने कुरामा सहमत रहेको पाइयो ।

## ४.५ जातजाति अनुसार विवरण

सम्पत्तिमाथि महिलाको पहुँच विषयमा जातजातिका आधारमा के कस्तो प्रभाव छ, जात जाति विशेषका आधारमा कस्तो धारणा छ भनी धारणा बुझ्न खोजिएको छ । जातिगत विवरणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.३**

**उत्तरदाताहरूको जातजातिगत विवरण**

| जातजाति | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| ब्राह्मण | २५ | ४३.१० |
| क्षेत्री | ५ | ८.६२ |
| जनजाति | २० | ३४.४८ |
| दलित | ८ | १३.७९ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*


माथिको तालिका अनुसार उत्तरदाताहरू जातजातिको आधारमा वर्गीकरण गरिएको छ । जसमा ब्राह्मण जातिको सङ्ख्या ४३.१०%, क्षेत्री ८.६२%, जनजाति ३४.४८% र दलित १३.७९% रहेको छ । उक्त तालिकामा उत्तरदाताहरूको सङ्ख्यामा ब्राह्मण जातिको सङ्ख्या बढी छ किनकी गजरकोट गा. वि. स. मा ब्राह्मण जातिको बाहुल्यता बढी रहेको छ । जातिगत रूपमा प्राप्त गरिएको तथ्याङ्कलाई हेर्दा महिलालाई सम्पत्तिमाथि पहुँच भएको सकारात्मक धारणा राख्दै यसबाट महिलाले समाजमा र देश विकासमा सकारात्मक भूमिका खेल्ने दिनेको सङ्ख्या बढी भएको पाइएको छ । जातिगत रूपमा सबैमा सकारात्मक प्रभाव रहेको देखिन्छ । त्यसकारण सम्पत्तिमाथि महिलाको पहुँचले सशक्तीकरण गर्ने धारणा भएको देखिन्छ ।

## ४.६ धर्म अनुसारको विवरण

धर्मले पनि व्यक्तिको विचारलाई प्रभाव पार्दछ । हिन्दू समुदायका महिलाहरूको स्थिति दयनीय छ । महिलाहरू आफ्ना निर्णयहरू गर्न त्यति स्वतन्त्र छैनन् । बौद्ध धर्ममा महिलाको स्थिति अलि उच्च रहेको छ । अधिकांश निर्णय आफै गर्न सक्षम रहेको अवस्था छ । यस्तो अवस्थामा धर्मको आधारमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**चित्र नं. ४.२**

**उत्तरदाताको धर्म अनुसारको विवरण**




*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको स्तम्भ चित्र अनुसार सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी विषयमा प्राप्त उत्तरदाताहरूको सङ्ख्यामा हिन्दूहरूको सङ्ख्या ९८.६% रहेको छ किनकी गजरकोट गा. वि. स. मा हिन्दू धर्मालम्बीहरूको वाहुल्यता छ । त्यस्तै बौद्ध धर्म मान्नेहरूको सङ्ख्या १.४% रहेको पाइयो । उत्तरदाताहरू मध्येमा हिन्दू र बौद्ध धर्मालम्बी दुबैको धारणा समान रहेको र सम्पत्तिमाथि महिलाको पहुँच बढाउनु राम्रो भएको धारणा रहेको पाइयो ।

## ४.७ उत्तरदाताको पेसा अनुसारको विवरण

व्यक्तिहरूको पेसाले पनि सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा पेसाले पनि प्रभाव पारेको हुन्छ । शिक्षित र चेतनशील समाजमा महिलाहरू आफ्नो अधिकारप्रति सजग हुन्छन् भने अशिक्षित समाजका महिलाहरू आफ्ना अधिकारप्रति सजग नहुन सक्दछन् । हरेक समाजका मानिसहरू कुनै न कुनै पेसामा आवद्ध रहन्छन् । प्रस्तुत शोधपत्रको विषयवस्तु महिलासँग सम्बन्धित रहेको र सबै पेसा व्यवसायको प्रतिनिधित्व गराउने प्रयास गरिएको छ । पेसागत रूपमा उत्तरदाताको वर्गीकरण तलको तालिकामा उल्लेख छ ।

**तालिका नं. ४.४**

**उत्तरदाताको पेसागत विवरण**

| पेसा | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| विद्यार्थी | २४ | ४१.४ |
| शिक्षक | २० | ३४.५ |
| किसान | ५ | ८.६ |
| सरकारी सेवा | २ | ३.४ |
| व्यापारी | २ | ३.४ |
| अनुत्तरित | ५ | ८.६ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार उत्तरदाताहरू मध्ये विद्यार्थी वर्गको प्रतिशत ४१.४% रहेको छ, जुन सङ्ख्यात्मक रूपमा बढी छ । किनकी शोधकर्ताको केन्द्र नै +२ लाई आधार बनाइएको छ । शिक्षकको प्रतिशत ३४.५% रहेको छ, कृषि पेसामा संलग्नको सङ्ख्या ८.६%, सरकारी कार्यालयका कर्मचारी ३.४% र व्यापारी ३.४% रहेको छ भने ८.६% ले आफ्नो पेसा नै नखुलाएको अवस्था छ । प्राप्त पेसागत तथ्याङ्कलाई आधार मानी सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी विषयमा सबै पेसाका व्यक्तिहरूको धारणा समान रहेको देखिन्छ । सम्पत्तिमाथि महिलाको पहुँच आवश्यक सकारात्मक सोचाइ रहेको पाइयो ।

## ४.८ उमेर समूह अनुसार विवरण

प्रस्तुत शोधपत्रका लागि प्रश्नावली तयार गरी तथ्याङ्क संकलन गर्नका लागि प्रश्नपत्रको वितरण गर्ने सन्दर्भमा विशेषतः बच्चा बच्ची र ज्यादै वृद्ध मानिसहरूको संलग्नता गराइएको छैन किनभने, उनीहरूमा सम्बन्धित विषयको ज्ञान नहुन सक्दछ । त्यसैले सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा उमेर समूहले समेत प्रभाव पार्ने भएको हुँदा १८ वर्ष भन्दा माथि ७० वर्ष सम्मका विभिन्न उमेर समूहमा विभाजन गरी तिनीहरूको सङ्ख्यालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ४.५**

**उत्तरदाताहरूको उमेर समूह**

| उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| १८-२५ वर्ष भन्दा कम | ३२ | ५५.२ |
| २५-३५ वर्ष भन्दा कम | १२ | २०.७ |
| ३५-४५ वर्ष भन्दा कम | १० | १७.२ |
| ४५-५५ वर्ष भन्दा कम | ३ | ५.२ |
| ५५ वर्ष भन्दा माथि | १ | १.७ |
| जम्मा | ५८ | १००.० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिकाको अध्ययन अनुसार उत्तरदाताहरूमध्ये १८-२५ वर्ष सम्म उमेर समूहका ५५.२ प्रतिशत, २५-३५ वर्ष उमेर समूहका २०.७ प्रतिशत, ३५-४५ वर्ष उमेर समूहका १७.२ प्रतशित, ४५-५५ वर्ष उमेर समूहका ५.२ प्रतिशत, ५५ वर्ष र सो भन्दा माथिका उमेर समूहका १.७ प्रतिशत मध्ये १८-२५ वर्ष उमेर समूह र २५-३५ वर्ष उमेर समूह यी दुई समूह खास गरी नेपालको शिक्षित समूहभित्र पर्ने भएको र यही समूहको प्रतिशत सङ्ख्या पनि बढी देखिएकोले सम्पत्तिमाथि महलिालाई पहुँच दिन पर्छ भन्ने धारणा रहेको पाइयो ।

## ४.९ आर्थिक अवस्थाको विवरण

सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा अध्ययन गर्दा उत्तरदाताको आम्दानी वा अर्थोपार्जन र पारिवारिक अवस्था एक आपसमा सह सम्बन्ध रहन्छ । यसमा उत्तरदाताको आम्दानी र जीवनस्तरका बारेमा जानकारी राख्नुपर्ने हुन्छ । आम्दानीको अवस्था कस्तो छ भनी हेर्नका लागि आम्दानीगत विवरण संकलन गरिएको छ । यसलाई प्रष्ट पार्न तलको तालिकामा उल्लेख छ ।

**तालिका नं. ४.६**

**नगद आम्दानीको अवस्था**

| नगद आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|

| | | |
|---|---|---|
| छैन | ३० | ५१.७ |
| छ | २७ | ४६.६ |
| अनुत्तरित | १ | १.७ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अध्ययन अनुसार उत्तरदाताहरू मध्ये नगद आम्दानी नहुने उत्तरदाताहरूको सङ्ख्या ५१.७% रहेको पाइयो भने नगद आम्दानी छ भन्ने सङ्ख्या ४६.६% रहेको पाइयो । उत्तर दिन नचाहनेको सङ्ख्या १.७% रहेको पाइयो । उत्तरदाताहरूमा विद्यार्थी सङ्ख्या रहेको हुँदा आम्दानी नहुने सङ्ख्या धेरै रहेको पाइयो ।

**निष्कर्ष**

अध्ययनक्षेत्रमा जम्मा घरधुरी सङ्ख्या २८५, कुल जनसङ्ख्या १७४७ जसमा महिलाको ९०४ र पुरुषको ८४३ सङ्ख्या रहेको पाइयो । अध्ययनक्षेत्रमा ब्राह्मण, क्षेत्री, ठकुरी, मगर, कामी, दमाई, सार्की, दरै, कुमाल, नेवार जातिका मानिसहरूको बसोवास रहेको पाइयो । यस अध्ययनक्षेत्रमा हिन्दु र वौद्ध धर्मालम्वीहरूको बसोवास भएता पनि ९८.६% हिन्दु भएकोले हिन्दु धर्मालम्वीहरूको बाहुल्यता रहेको पाइयो । यस क्षेत्रका मानिसहरूले राष्ट्रिय चाड र जातजाति, धर्म अनुसारको स्थानीय चाडपर्व मनाउने गरेको पाइयो ।

उत्तरदाताहरू महिला, पुरुष विभिन्न वर्ग पेसाको प्रतिनिधित्व रहनुले पनि महिलाहरूलाई सम्पत्तिको पहुँचमा समानता गराउनुपर्छ भन्ने पाइयो । सम्पत्तिमाथि महिलाको पहुँच विषयमा जातजाति, धर्म, पेसाकर्मीहरूको उमेर समूह अनुसारको उत्तरदाताहरूसँग सम्पत्तिमाथि महिलालाई पहुँचमा समान अवसर दिनुपर्छ भन्ने सकारात्मक धारणा रहेको पाइयो ।

# अध्याय पाँच

## सम्पत्तिमा महिलाको पहुँच र निर्णय निर्माणमा उनीहरूको भूमिका बारे अभिमत

### ५.१ सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा ज्ञानको जानकारी

उत्तरदाताहरूको सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा जानकारी कति रहेको छ भन्ने कुरालाई हेर्न खोजिएको छ । जसमा प्राप्त उत्तरदाताहरूको विचारलाई तालिकाको आधारमा विश्लेषण गरिएको छ ।

**तालिका ५.१**

**सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी ज्ञानको अवस्था**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| थाहा छ | ३३ | ५६.९ |
| थाहा छैन | ९ | १५.५ |
| केही थाहा छ | १५ | २५.९ |
| अनुत्तरित | १ | १.७ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथि उल्लेखित तालिका अनुसार महिला र पुरुष दुवैलाई सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी जानकारी भएको पाइयो । उत्तरदाताहरूमध्ये ५६.९% सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी ज्ञान भएको रहेछ भने २५.९% लाई राम्रोसँग थाहा नभएको भन्ने पाइयो । त्यस्तै १५.५% जानकारी नै नभएको र १.७% ले उत्तर नै दिएनन् । यसबाट के देखिन्छ भने प्राप्त पहुँचलाई कार्यान्वयन गर्दै कानुनमा थप संशोधन गरी छोरा छोरीलाई पैतृक सम्पत्तिमा समान अधिकार दिई महिलाको पहुँच बढाउनुपर्छ । आजसम्म पनि थाहा छैन भन्नेहरूमा प्रचार प्रसार र जनचेतनामा कमी रहेको पाइयो ।

### ५.२ नेपालमा सम्पत्ति कानुनका बारेमा महिला उत्तरदाताको ज्ञानको अवस्था

प्रस्तुत विषयमा अध्ययनक्षेत्रमा छनोट गरिएका उत्तरदाताहरूको प्राप्त विचार वा दृष्टिकोणलाई निम्न तालिकामा प्राप्त तथ्याङ्कका आधारमा विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.२**

**नेपालको सम्पत्ति कानुन सम्बन्धी जानकारी**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो थाहा छैन | २८ | ४८.३ |
| थाहा छैन | १६ | २७.६ |
| थाहा छ | १० | १७.२ |
| अनुत्तरित | ४ | ६.९ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

तालिका अनुसार नेपालको साम्पत्तिक कानुनको महिला उत्तरदातामा जानकारीका सम्बन्धमा गरिएको सर्वेक्षणमा सम्पत्ति कानुनका बारेमा राम्रोसँग जानकारी नभएका उत्तरदाताहरूको सङ्ख्या ४८.३% रहेको पाइयो । थाहा छैन भन्नेको सङ्ख्या २७.६% रहेको देखियो भने कानुनका बारेमा जानकारी हुनेहरूको सङ्ख्या १७.२% रहेको पाइयो । उत्तरदाताहरू मध्ये ६.९% उत्तर दिन नचाहेको पाइयो । यसबाट के भन्न सकिन्छ भने नेपालको सम्पत्तिमाथि कानुनका बारेमा थाहा नहुने महिलाहरूको सङ्ख्या बढी रहेछ । अधिकार थाहा नभई उपयोग हुने अवस्था रहेन । त्यसैले आफ्नो अधिकारको बारेमा महिला वर्ग सचेत हुनुपर्ने पाइयो ।

## ५.३ सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा पेसा व्यवसायीहरूको दृष्टिकोण

हाम्रो समाजको सामाजिक परम्परा अनुसार छोरालाई मात्रै सम्पत्तिमाथि पहुँच हुँदै आएकोमा विगत केही वर्ष अगाडि नेपालको कानुनमा संशोधन गरी पैतृक सम्पत्तिमा महिलाको पनि पहुँच सम्बन्धी विभिन्न (कृषि, व्यापारी, नोकरी) पेसा व्यवसायका उत्तरदाताहरूबाट कस्तो दृष्टिकोण आउँदछ भनी अध्ययन गर्न खोजिएकोमा उत्तरदाताबाट आएका फरक फरक धारणालाई तालिका अनुसार विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.३**

**सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी व्यवसायीहरूको धारणा**

| दृष्टिकोण | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | ४७ | ८१.० |
| नराम्रो | ६ | १०.३ |
| भन्न नचाहने | २ | ३.४ |
| अनुत्तरित | ३ | ५.२ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

तालिका अनुसार महिला पुरुष दुबै उत्तरदाताहरूले सम्पत्तिमाथि महिलाको पहुँच हुनु राम्रो भन्ने कुरामा जोड दिइएको पाइयो । पहुँच भएमा राम्रो भनी आफ्ना धारणा व्यक्त गर्नेहरूको सङ्ख्या ८१.०% रहेको छ । नराम्रो धारणा व्यक्त गर्नेहरूको सङ्ख्या १०.३% रहेको पाइयो । भन्न नचाहनेको सङ्ख्या ३.४% र अनुत्तरित सङ्ख्या ५.२% रहेको पाइयो । यसबाट के देखिन्छ भने महिलालाई पैतृक सम्पत्तिमा महिलाको पहुँच दिइनु राम्रो हुने कुरा प्रष्ट हुन्छ । यसमा महिला पुरुष दुबैको सकारात्मक धारणा रहेको पाइयो । यसबाट पहुँच बढाउनु राम्रो भएको प्रष्ट हुन्छ ।

## ५.४ सम्पत्तिमाथि महिलाको पहुँच दिन हुने नहुने

सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी धारणाको प्रत्याभूति भैसकेको अवस्थामा उत्तरदाताहरूको यस सम्बन्धमा धारणा बुझ्न खोजिएकोमा प्राप्त धारणाहरूलाई तलको तालिका अनुसार विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.४**

**सम्पत्तिमाथि महिलाको पहुँच दिने नदिने**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दिनु हुन्छ | ४९ | ८४.५ |
| दिनु हुँदैन | ४ | ६.९ |
| दुबैलाई दिनु हुँदैन | ४ | ६.९ |
| अनुत्तरित | १ | १.७ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार उत्तरदाता महिला पुरुष दुबैले सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी धारणा प्रस्तुत गरेका छन् । सम्पत्तिमाथि महिलाको पहुँच राम्रो भन्नेमा ८४.५% रहेका छन् । त्यस्तै दिनु हुँदैन भन्नेमा ६.९% रहेको पाइयो । त्यस्तै महिलाको पहुँच बढाउनुपर्छ वा पर्दैन भन्ने धारणा १.७% ले उत्तर नदिएको पाइयो । त्यसकारण सम्पत्तिमाथि महिलाको पहुँच हुनुपर्ने भन्ने सङ्ख्या अधिक रहेकोले दिनुपर्ने तर्कलाई प्रस्तुत गरेको पाइयो ।

## ५.५ महिलाका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा

सम्पत्तिमाथि महिलाको पहुँच नभई आश्रित हुँदै आइरहेको नेपाली समाजमा विगतमा पुरुषहरूको एकाधिकार रहँदै आएकोमा केहीवर्ष अगाडिबाट सम्पत्तिमा महिलाको पहुँच दिएको अवस्थामा महिलाहरूका लागि सम्पत्तिमा पहुँच सबैभन्दा महत्त्वपूर्ण कुरा हो वा अरू नै भन्ने विषयमा धारणा बुझ्न खोजिएको थियो । यसका प्राप्त भएका उत्तरलाई तलको तालिका अनुसार विश्लेषण गरिएको छ ।

**तालिका नं. ५.५**

**महिलाका लागि सबैभन्दा महत्त्वपूर्ण के हुन सक्छ**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| शिक्षा | ४ | ६.९ |
| अवसर | ३ | ५.२ |
| शिक्षा र अवसर | ५० | ८६.२ |
| अनुत्तरित | १ | १.७ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*


तालिका अनुसार महिलालाई सबैभन्दा महत्त्वपूर्ण कुरा सम्पत्तिमा पहुँच वा अन्य के हुन सक्छ भन्ने सन्दर्भमा प्राप्त धारणा राख्नेमा ८६.२% ले शिक्षा र अवसर दुबै दिनुपर्छ भन्ने पाइयो भने शिक्षा सबै भन्दा महत्त्वपूर्ण हो भन्नेहरूको सङ्ख्या ६.९% पाइयो । उनीहरूका अनुसार शिक्षा दिइयो भने स्वयम् सक्षम र सवल हुने, स्वालम्बी र आत्मनिर्भर बन्न सक्छन् । त्यसैले सम्पत्तिमाथि पहुँच भन्दा शिक्षा भन्ने तर्कहरू प्रस्तुत गरेका थिए । त्यस्तै अवसर दिनुपर्ने भन्नेहरूको सङ्ख्या ५.२% रहेको पाइयो भने अनुत्तरित १.७% रहेको पाइयो ।

## ५.६ घरजग्गा सम्पत्तिमाथि कानुनी स्वामित्ववाला

सम्पत्तिमाथि महिलाको पहुँचमा कानुनी व्यवस्था भइसकेको अवस्थामा महिलाहरूसँग घर सम्पत्तिको स्वामित्वको अवस्था कस्तो रहेको छ भनी अध्ययन गर्न खोजिएकोमा उत्तरदाताबाट प्राप्त तथ्याङ्कलाई निम्न तालिकामा विश्लेषण गरिएको छ ।

**चित्र नं. ५.१**

**घरजग्गा सम्पत्तिमाथि कानुनी स्वामित्ववाला**




*स्रोत : क्षेत्र अध्ययन, २०६८*

स्तम्भ चित्र अनुसार घरको स्वामित्वमाथि घरका महिला वा पुरुष कसमा स्वामित्व रहेको छ भनी सोधिएकोमा घर जग्गाको स्वामित्व पुरुषको रहेको छ भन्ने उत्तरदाताहरूको सङ्ख्या ६३.८% र घर सम्पत्तिको स्वामित्व महिलाको मात्रै रहेको छ भन्ने उत्तरदाताको सङ्ख्या ३१% र दुबै जनको भन्नेहरूको सङ्ख्या ५.२% रहेको पाइयो । यसका आधारमा के भन्न सकिन्छ भने महिलाहरूको आर्थिक स्थिति कमजोर रहेको र सम्पत्तिमाथि स्वामित्व पुरुषहरूकै निर्णायक स्थिति रहेको पाइयो । केही सानो अंश दुबैमा स्वामित्व रहेको हुँदा क्रमशः सुधारतर्फ उन्मुख रहेछ भन्ने धारणा समेत राखेको पाइयो ।

## ५.७ घरमा सम्पत्ति किन्ने बारेको निर्णय कर्ता

प्रस्तुत शोधपत्रमा महिलाहरूको पहुँचको अवस्था र हैसियत निर्धारण गर्न पारिवारिक निर्णय गर्ने सन्दर्भमा उनीहरूको भूमिका समान र असमान छ भनी हेर्न खोजिएको छ । घरमा सम्पत्ति किनवेच गर्ने सन्दर्भमा प्रश्न सोधिएकोमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.६**

**सम्पत्ति खरिद विक्रीमा निर्णय कर्ता**

| निर्णय कर्ता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ८ | १३.८ |
| महिला | - | ०.० |
| दुबैजना | ५० | ८६.२ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार घरमा सम्पत्तिको खरिद विक्री गर्दा पुरुष र महिलाहरूको संयुक्त छलफलबाट निर्णय गर्ने सङ्ख्या ८६.२% जुन सङ्ख्यामा सबैभन्दा धेरै रहेको पाइयो भने पुरुषको एकलौटी निर्णय गर्नेहरूको सङ्ख्या १३.८% रहेको पाइयो भने महिलाहरूको एकल निर्णयबाट सम्पत्ति खरिद विक्री गर्ने सङ्ख्या पाइएन । जसबाट प्रष्ट हुन्छ कि महिलाहरूलाई सम्पत्तिमाथि एकल निर्णय गर्ने हैसियत प्राप्त नभएको पाइए तापनि सहभागिता राम्रो रहेको अरू धारणाहरूबाट पाइयो ।

## ५.८ वैवाहिक कार्यको निर्णय कर्ता

प्रस्तुत शोधपत्रमा परिवारका सदस्यहरूको वैवाहिक कार्यको निर्णय गर्दा महिलाको सहभागिता वा निर्णय कर्ताको रूपमा भूमिका निर्वाह गर्ने अवस्थामा रहेका छन्, छैनन ? वैवाहिक कार्यमा महिला संलग्नता बिना हुने गरे नगरेको उनीहरूको निर्णायक भूमिका रहे नरहेको हेर्न खोजिएको थियो जसमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.७**

**वैवाहिक कार्यको निर्णय कर्ता**

| निर्णय कर्ता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दुबैजना | ५८ | १००.०० |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार वैवाहिक कार्यको निर्णय गर्दा महिला र पुरुष दुबैको भूमिका समान रहेको देखियो । जसबाट के प्रष्ट हुन्छ भने वैवाहिक कार्यहरू गर्दाक्ष अवस्थामा महिला र पुरुष दुबैको समान भूमिका रहेको छ । महिला निर्णय कर्ताका रूपमा सहभागी छन् । एकल निर्णय पुरुष वा महिला दुबैले नगरेको पाइयो ।

## ५.९ बजारबाट सामान खरिद गर्ने

प्रस्तुत शोधपत्रमा सम्पत्तिमाथि महिलाको पहुँच विषयमा अध्ययन गर्दा घरायसी काम काजमा महिला र पुरुषबिच के कति समानता र असमानता छ जसलाई हेर्न सोही आधारमा सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा के कति सहसम्बन्ध छ, सम्पत्तिमाथि महिलाको पहुँचको कुरा गर्दा घरायसी कामकाजमा समानता, असमानता हेर्नुपर्ने हुन्छ । बजारबाट समान खरिद गर्ने सम्बन्धमा प्राप्त तथ्याङ्कलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.८**

**बजारबाट सामान खरिद गर्ने कार्यमा सहभागिता**

| निर्णय कर्ता | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| दुबैजना | ४४ | ७५.९ |
| महिला | १२ | २०.७ |
| पुरुष | २ | ३.४ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार बजारबाट घरायसी सामान खरिद गर्ने कार्यमा महिला र पुरुषको सहभागितामा सकार्य गर्ने सङ्ख्या ७५.९% पाइयो, जुन सबैभन्दा बढी सङ्ख्या हो । महिलाले मात्रै गर्ने २०.७% पाइयो भने पुरुषले मात्रै गर्ने ३.४% पाइयो । जसले स्पष्ट हुन्छ कि घरायसी कामकाजमा महिला र पुरुषबिच सहकार्य हुने गरेको देखियो ।

## ५.१० खाना पकाउने र भाँडा माझ्ने

महिलालाई सम्पत्तिमाथि पहुँच विषयमा अध्ययन गर्दा घरायसी काममा महिला र पुरुषबिच के कति विषयमा समानता र असमानता छ छैन हेर्नुपर्ने भएकोले घरायसी काम खाना पकाउने, भाँडा माझ्ने कामको विवरण सम्बन्धमा तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५.९**

**घरायसी काममा सहभागिता**

| जिम्मेवारी | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| महिला | ३७ | ६३.८ |
| दुबैजना | २१ | ३६.२ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

खाना हरेक व्यक्ति परिवारमा बाँच्नका लागि अभिन्न अंगको रूपमा रहेको छ । प्रस्तुत तथ्याङ्कमा खाना पकाउने र भाँडा सफा गर्ने कार्यको प्रकृति र सो कार्यको कार्य विवरणमा पुरुषले वा महिलाले कसले बढी गर्दछन् भन्ने कुरा हेर्न खोजिएको थियो । जसलाई सम्पत्तिमाथि महिलाको पहुँचसँग सह-सम्बन्ध राख्दछ । जसमा खाना पकाउने, भाँडा माझ्ने कार्यमा महिला मात्रैले गर्नेमा ६३.८%, दुबै मिलेर गर्नेमा ३६.२% रहेको पाइयो । यसरी हेर्दा महिलाले मात्र खाना पकाउने र भाँडा सफा गर्ने कार्यमा ६३.८% अत्यधिक देखियो । चुलो चौकामा बस्न खाना पकाउन, भाँडा माझ्न पुरुषहरूले हिचकिचाउने सामाजिक संस्कार लगायतका कारण साथै श्रीमती नछुने हुँदाको समयमा पुरुषले बाध्य भई खाना पकाउने, भाँडा माझ्ने कार्यमा ३६.२% संलग्नता र सहकार्य रहेको पाइयो । महिला र पुरुषबिच समानता देखिएन ।

## ५.११ सम्पत्ति हस्तान्तरण गर्दा इच्छापत्र प्रतिको धारणा

प्रस्तुत शोधपत्रमा सम्पत्तिमाथि महिलाको पहुँच विषयको अध्ययन गर्ने सिलसिलामा व्यक्तिले आफ्नो सम्पत्ति हस्तान्तरण गर्दा छोरा, छोरी वा अरू कसैलाई अर्थात जसलाई इच्छा लाग्दछ उसैलाई दिने सम्बन्धमा धारणा बुझ्न खोजिएको छ । अर्थात् इच्छा पत्रको अवधारणा राम्रो वा नराम्रो भन्ने बारेमा उत्तरदाताहरूबाट प्राप्त धारणालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५.१०**

**इच्छापत्र प्रतिको धारणा**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो | १९ | ३२.८ |
| भन्न सकिन्न | १८ | ३१.० |
| राम्रो हुँदैन | ६ | १०.३ |
| अनुत्तरित | १५ | २५.९ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार ३२.८% उत्तरदाताहरूले आफ्ना सन्तानले नै सम्पत्ति पाउनुपर्छ भन्ने छैन । आफूलाई जसले विश्वास दिलाउन सक्छ, जो बुढेसकालको सहारा बन्ने दायित्व बोक्दछ उसैलाई सम्पत्ति दिन पाउनुपर्छ र हुन्छ भन्ने ३१.०% ले इच्छापत्रका सम्बन्धमा राम्रो नराम्रो भन्न सकिँदैन भन्ने धारणा प्रस्तुत गरेको पाइयो । त्यसैले इच्छापत्र राम्रो हुँदैन भन्ने धारणा राख्नेहरूको सङ्ख्या १०.३% रहेको पाइयो । त्यस्तै कुल उत्तरदातामध्ये २५.९% ले धारणा नै प्रस्तुत नगरेको पाइयो । समग्रमा इच्छापत्रको व्यवस्था पनि राम्रो रहेको धारणा उत्तर दाताको देखियो ।

**निष्कर्ष**

माथि उल्लेखित विभिन्न तालिका तथा चित्रहरूको अध्ययन गर्दा निम्न लिखित निष्कर्षहरू बुँदागत रूपमा तल प्रस्तुत गरिएको छ ।

- छोराछोरीलाई पैतृक सम्पत्तिमाथि समान पहुँच दिई महिलाको पहुँच बढाउनुपर्छ भन्ने पाइयो ।
- सम्पत्तिमाथि कानुनका बारेमा थाहा नहुने महिलाहरूको सङ्ख्या भएकोले उनीहरूलाई सचेत गराउनुपर्ने पाइयो ।
- पैतृक सम्पत्तिमाथि पहुँच बढाइनु राम्रो भन्ने महिला पुरुष दुबैको सकारात्मक धारणा रहेको पाइयो ।

- सक्षम, सवल, स्वावलम्बी र आत्मनिर्भर बन्ने भएकोले सम्पत्तिमाथि महिलालाई समान पहुँच दिनुपर्छ भन्ने रहेको पाइयो ।
- सम्पत्तिमाथि महिला, पुरुष दुबैको स्वामीत्व सुधारात्मक अवस्थामा रहेको पाइयो ।
- सम्पत्ति खरिद बिक्रीमा निर्णय कर्ता महिला एकल निर्णय कर्ता नरहे पनि सहभागितामूलक निर्णय कर्ता रहेको पाइयो ।
- परिवारका सदस्यहरूको वैवाहिक कार्यको निर्णय गर्दा महिला र पुरुष दुवैको समान भूमिका रहेको पाइयो ।
- बजारबाट सामान खरिद गर्ने, कामकाजमा महिला पुरुषबिच सहकार्य हुने गरेको पाइयो ।
- खाना पकाउने, भाँडा माझ्ने काम श्रीमती नछुने हुँदा बाध्य भई पुरुषले गर्ने गरेको र अन्य समयमा महिलाले नै गर्नुपर्ने भन्ने पाइएकोले महिला र पुरुषबिच समानता देखिएन ।

# अध्याय छ

# सम्पत्तिमाथि पहुँचले महिलाहरूमा पार्ने सामाजिक प्रभाव

यस अध्ययनमा उत्तरदाताहरूबाट अनुसन्धानको क्रममा संकलन गरिएका तथ्याङ्कहरू स्रोत तथ्याङ्कहरू तथा प्राथमिक तथ्याङ्क र उत्तर दाताहरूबाट आएका विचारहरूलाई क्रमवद्ध तरिकाले तालिकामा प्रस्तुत गरेर त्यसको विश्लेषण समाजशास्त्रीय ढंगबाट गरिएको छ । तथ्याङ्क विश्लेषणको प्रमुख आधार तथा यस अनुसन्धानको थालनी भनेको उत्तरदाताहरूसँग गरिएको छलफल र प्रश्नावलीबाट संकलित विचार तथा दृष्टिकोणको विश्लेषण हो ।

अनुसन्धानको उद्देश्य भनेको विभिन्न पेसा वर्ग र तहका व्यक्तिहरूको विचारमा महिला सशक्तीकरणका लागि सम्पत्तिमाथि महिलाको पहुँचको भूमिका र प्रभावका सवालमा गरिएको अनुसन्धानलाई फरक फरक शीर्षकमा फरक फरक ढंगले विश्लेषण गरिएको छ ।

## ६.१ सम्पत्तिमाथि महिलाको पहुँचले समाजमा महिला उत्थान हुन्छ

सम्पत्तिमाथि महिलाको पहुँचले समाजमा परिवर्तन गर्छ कि गर्दैन भन्ने सन्दर्भमा उत्तरदाताहरूको धारणा लिन खोजिएकोमा प्राप्त भएको तथ्याङ्कलाई विश्लेषण गरी तालिकामा देखाइएको छ ।

**तालिका नं. ६.१**

**महिलाको पहुँचले प्रतिष्ठामा प्रभाव**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो गर्छ | ४८ | ८२.८ |
| राम्रो गर्दैन | १ | १.७ |
| कुनै परिवर्तन गर्दैन | ९ | १५.५ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

तालिका अनुसार सम्पत्तिमाथि महिलाको पहुँचले समाजमा परिवर्तन गर्दछ भन्ने सकारात्मक धारणा राख्नेहरूको सङ्ख्या बढी रहेको पाइयो । यसरी सकारात्मक धारणा

दिनेहरूको सङ्ख्या ८२.८% रहेको पाइयो । कुनै प्रभाव पार्दैन भन्ने धारणा राख्नेहरूको सङ्ख्या १५.५% रहेको पाइयो । गदैन भन्ने सङ्ख्या १.७% रहेको पाइयो । तालिकाका आधारमा सम्पत्तिमाथि महिलाको पहुँचले समाजको प्रतिष्ठामा प्रभाव पार्दछ भन्नेहरूको तर्कमा महिलाहरू उत्पादनशील क्षेत्रमा बढी सक्रिय हुन सक्दछन् । विद्यामान आर्थिक सामाजिक एवं धार्मिक संरचनाले महिलाहरूलाई कमजोर बनाइरहेको अवस्थमा सम्पत्तिमाथि महिलाको पहुँचको अवसरले आत्मवल बढ्छ । आर्थिक क्रियाकलापहरू बढ्छन्, स्वावलम्बी हुन्छन्, महिलालाई केही गर्ने हौसला मिल्दछ भन्ने तर्कहरू राखेको पाइयो ।

## ६.२ सम्पत्तिमाथि महिलाको पहुँचले उनीहरूमा भेदभाव घट्छ/घट्दैन

सम्पत्तिमाथि महिलाको पहुँचले महिलाहरू माथि हुने भेदभाव घटाउँदछ, घटाउँदैन भन्ने सम्बन्धमा अध्ययन गर्न खोजिएकोमा उत्तरदाताहरूबाट प्राप्त तथ्याङ्कलाई तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६.२**

**महिलामाथि हुने भेदभावको अवस्था**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| घटाउने | २९ | ५० |
| नघटाउने | १९ | ३२.७५ |
| भन्न सकिँदैन | ७ | १२.१ |
| अनुत्तरित | ३ | ५.२ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*


माथिको तालिका अनुसार सम्पत्तिमा पहुँच हुँदा महिलाहरूमाथि हुने गरेका भेदभावहरू घटाउनेछ भन्ने उत्तरदाताको सङ्ख्या ५०% रहेको पाइयो । त्यस्तै घटाउँदैन भन्ने उत्तरदाताको सङ्ख्या पनि ३२.७५% नै रहेको पाइयो भने १२.१% ले भन्न सकिँदैन भनी उत्तर दिएको पाइयो भने ५.२% ले उत्तर नै नदिएको पाइयो । उक्त तालिकाको आधारमा विश्लेषण गर्दा सकारात्मक खालको उत्तरदाताहरू बढी रहेको पाइयो । कार्यान्वयन पछिको अवस्थामा मात्रै निचोड निकाल्न सकिने अवस्थालाई संकेत गरेको देखियो । यस तथ्यले पनि सम्पत्तिमाथि महिलाको पहुँचले महिलामाथि हुने भेदभाव घटाउँछ भन्ने पाइयो ।

## ६.३ सम्पत्तिमाथि महिलाको पहुँचले शोषणको अन्त्य हुन्छ वा हुँदैन ?

सम्पत्तिमाथि महिलाको पहुँचले उनीहरूमाथि हुने दमन शोषण अन्यायको अन्त्य नहुने सम्बन्धमा अध्ययन गर्न खोजिएकोमा उत्तरदाताबाट प्राप्त गरिएको तथ्याङ्कलाई स्तम्भचित्रबाट विश्लेषण गरिएको छ ।

**चित्र नं. ६.१**

**महिलामाथिको शोषणको अवस्था**




*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको स्तम्भचित्र अनुसार सम्पत्तिमाथि महिलाको पहुँचले महिलाहरूमाथि हुने अन्याय, शोषण, दमन र भेदभाव अन्त्य हुने हुन्छ भनी सकारात्मक विचार राख्नेहरूको सङ्ख्या ७२.४% रहेको पाइयो । उनीहरूका अनुसार विभेद अन्त्य हुने, स्वावलम्बी बनाउने महिलाहरूलाई शसक्त बनाउने भन्ने तर्कहरू प्रस्तुत गरेका थिए । त्यस्तै शोषण दमन हटाउँदैन भन्नेहरूको सङ्ख्या १७.३% रहेको पाइयो । उनीहरूका अनुसार पारिवारिक झगडा हुने, सम्पत्ति दुरूपयोग हुने जस्ता धारणा राखेको पाइयो । कुनै पनि परितर्वन हुँदैन भन्नेमा १०.३% रहेको पाइयो । त्यसकारण के भन्न सकिन्छ भन्ने उत्तरदाताहरूमध्ये अधिकांशको सकारात्मक धारणा आएकोले महिलामाथि सम्पत्तिको पहुँचले शोषण, दमन अन्त्य गर्ने धारणा देखियो ।

## ६.४ आफूले आफ्नो सम्पत्ति कसलाई हस्तान्तरण गर्ने सम्बन्धमा

प्रस्तुत शोधपत्रमा सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा अध्ययन गर्दा सामाजिक संस्कार परम्परागत व्यवहार नेपाली कानुन लगायतका कुराहरूका आधारमा सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा कानुनी व्यवस्था समेत भैसकेको अवस्थामा आफ्नो पहुँचको सम्पत्ति छोरा छोरी कसलाई हस्तान्तरण गर्न चाहनुहुन्छ भनी हेर्न खोजिएको छ, जसबाट आमा बाबुहरूले आफ्नो सन्तानमा समानता गर्न चाहेको, नचाहेको प्रष्ट हुन आउने हुँदा यसमा सोधिएका प्रश्नको उत्तरमा उत्तरदाताबाट प्राप्त तथ्याङ्कलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ६.३**

**आफ्नो पहुँचको सम्पत्ति छोरा/छोरीलाई प्राथमिकता**

| उत्तर | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| छोरा | २ | ३.४ |
| कसैलाई पनि दिन्न | ४ | ६.९ |
| दुबै | ५२ | ८९.७ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार आफूसँग भएको चल अचल पहुँचको सम्पत्ति कसलाई दिन चाहनुहुन्छ भनी सोधिएको प्रश्नको उत्तरमा आफ्नो पहुँचको सम्पत्ति छोराछोरी दुबैलाई दिने भन्नेको सङ्ख्या ८९.७% रहेको पाइयो । उनीहरूको भनाइमा छोराछोरी समान र आफ्नै सन्तान भएका कारण कसैलाई काखा र पाखा गर्न नहुने पाइयो भने छोराछोरी कसैलाई पनि दिन्न भन्नेको सङ्ख्या ६.९% रहेको पाइयो । उक्त धारणा राख्नेहरूका अनुसार सम्पत्तिले परिवारमा झगडा हुने गरेको विखण्डन र विद्रोहको स्थिति पैदा गरेको पहुँचमा समेत मानसिकताको समेत विकास गर्ने हुँदा सम्पत्ति कसैलाई नदिने धारणा राखेको पाइयो । ३.४% ले आफ्नो सम्पत्ति छोरालाई मात्र दिने धारणा व्यक्त गरेको पाइयो । किनभने मरेपछि काजक्रिया, पिण्डपानी आदि चलाउने छोरा नै हो भन्ने धारणा राखेको पाइयो । निचोडमा आफ्नो पहुँचको सम्पत्ति छोराछोरी दुबैलाई बाँडिदिनुपर्छ भन्ने धारणा राखेको पाइयो ।

**निष्कर्ष**

माथि उल्लेखित विभिन्न तालिका तथा चित्रहरूको अध्ययनबाट निम्नलिखित निष्कर्षहरू निकाल्न सकिन्छ ।

- सम्पत्तिमाथि महिलाको पहुँचले समाजको प्रतिष्ठा बढ्ने, उत्पादनशील क्षेत्रमा बढी सक्रिय हुने, स्वाबलम्बी भई हौसला मिल्ने भन्ने धारणा रहेको पाइयो ।
- सम्पत्तिमाथि महिलाको पहुँचले उनीहरूमा शोषण, भेदभाव घट्छ, घट्दैन भन्ने कुरा कार्यान्वयन पछिको अवस्थामा मात्रै भन्न सकिन्छ भन्ने धारणा रहेको पाइयो ।
- आफ्नो पहुँचको सम्पत्ति छोरा/छोरी कसलाई प्राथमिकता दिने भन्ने सन्दर्भमा छोराछोरी समान र आफ्नै सन्तान भएका कारण कसैलाई काखा र पाखा नगरी दुबैलाई समान रूपबाट दिनुपर्छ भन्ने धारणा रहेको पाइयो ।

# अध्याय सात

## समान पहुँचले पार्ने सामाजिक प्रभाव

यस अध्यायमा सम्पत्तिमाथि समान पहुँचले सामाजिक प्रभावका सम्बन्धमा उत्तरदाताहरूबाट संकलित तथ्याङ्कहरूलाई क्रमबद्ध तरिकाले तालिकामा विश्लेषण गरिएको छ ।

## ७.१ सम्पत्तिमाथि समान पहुँचले परिवारमा पनि प्रभाव

महिलालाई सम्पत्तिमा समान पहुँच प्राप्त भएपछि त्यसले परिवारमा कस्तो प्रभाव पार्दछ भन्ने विषयमा उत्तरदाताहरूबाट प्राप्त भएको तथ्याङ्कलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. ७.१**

**समान पहुँचले पारिवारिक प्रभाव**

| प्रभाव | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो प्रभाव पर्छ | ४९ | ८४.५ |
| प्रभाव पर्दैन | ५ | ८.६ |
| खराव प्रभव पर्छ | ४ | ६.९ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*


माथिको तालिका अनुसार सम्पत्तिमा समान पहुँच प्राप्त हुँदा परिवारमा राम्रो प्रभाव पर्दछ भन्ने उत्तर उत्तरदाताहरूबाट आएको छ । छोरा वा छोरीबिचको विभेदको अन्त्य हुने समान रूपमा शिक्षा, स्वास्थ्य लगायतका अवसरहरू पुरुष सरह महिलाले सक्षम हुने र आत्मनिर्भर भई अगाडि बढ्न सक्ने कुरा पाइयो । जुन सङ्ख्या ८४.५% रहेको छ । त्यस्तै ८.६% उत्तरदाताहरूले सम्पत्तिमा समान अधिकार पाउँदा कुनै असर नपर्ने र चेतना र सामाजिक जागरणको विकास हुने पाइयो । ६.९% ले खराव प्रभाव पर्दछ भन्ने धारणा राखेको पाइयो ।

## ७.२ सम्पत्तिमाथि महिलाको पहुँचले नातेदारीमा पार्ने प्रभाव

सम्पत्तिमाथि महिलालाई समान पहुँच दिँदा नातेदारीबिचमा सम्बन्ध कस्तो होला भन्ने सम्बन्धमा सोधिएकोमा उत्तरदाताहरूबाट प्राप्त विचारलाई तलको स्तम्भचित्र अनुसार विश्लेषण गरिएको छ ।

**चित्र नं. ७.१**

**समान पहुँचले नातेदारीको प्रभाव**




*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको चित्र अनुसार नातेदारीकाबिचमा कस्तो सम्बन्ध हुन्छ भन्ने प्रश्नको जवाफमा ६२.१% उत्तरदाताहरूले राम्रो राम्रो प्रभाव पार्छ भन्ने बताएका छन् । उनीहरूका अनुसार विगतमा सन्तानमा भएको लैंगिक विभेद अन्त्य हुने छोरी पनि छोरा जत्तिकै सवल छन् आत्मनिरर्भर बन्न सक्ने नाता सम्बन्ध राम्रो रहने भन्ने धारणा व्यक्त गरेको पाइयो । २५.९% पहिला जस्तो थियो त्यस्तै हुने खासै फरक नपर्ने वताएका छन् भने १२.१% ले नकारात्मक उत्तर अर्थात् खराव गर्दछ भनेका छन् । उनीहरूका अनुसार दाजुभाइ र दिदीबहिनीबिचमा भएको घर माइतीको सम्बन्ध पहिलेको जस्तो नहुने र झै-झगडा हुने अवस्था आउन सक्ने बताए ।

## ७.३ सम्पत्तिमा महिलाको समान पहुँचले सामाजिक संरचनामा पार्ने प्रभाव

नेपालको जनगणना अनुसार कुल जनसङ्ख्याको आधा भन्दा बढी जनसङ्ख्या रहेको महिलाहरूलाई भन्दा पुरुषलाई बढी महत्त्व प्रदान गरिरहेको सामाजिक परिवेशमा सम्पत्तिमा महिलाको समान पहुँच बनाइएको अवस्थामा सामाजिक संरचनाहरूमा के-कस्तो प्रभाव पर्दछ भन्ने प्रश्नको जवाफमा आएका उत्तरहरूलाई तलको तालिकामा विश्लेषण गरिएको छ ।

**तालिका नं. ७.२**

**सम्पत्तिमा समान पहुँचले सामाजिक संरचनामा प्रभाव**

| प्रभाव | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| राम्रो प्रभाव पर्छ | ४६ | ७९.४ |
| नराम्रो प्रभाव पर्छ | ६ | १०.३ |
| प्रभाव पर्दैन | ६ | १०.३ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*


सम्पत्तिमा महिलालाई समान पहुँचमा पुऱ्याउँदा यसले सामाजिक संरचनामा सकारात्मक प्रभाव पर्दछ भन्ने उत्तरदाताहरूको सङ्ख्या ७९.४% रहेको पाइयो । उनीहरूका अनुसार महिला सहभागितामा वृद्धि हुन्छ । सामाजिक कार्य र निर्णयहरू गर्न सहजता ल्याउँदछ भन्ने भनाइहरू पाइयो । १०.३% ले परिवारमा सर्वेसर्वा भन्ने होडवाजीले नकारात्मक प्रभाव पार्दछ भन्ने पाइयो ।

## ७.४ सम्पत्तिमाथि महिलाको पहुँचले संस्कृतिमाथि पार्ने प्रभाव

हाम्रो जस्तो पुरुषप्रधान मुलुकमा जुन विगतदेखि सामाजिक सांस्कृतिक गतिविधिहरूमा पुरुषहरूको बाहुल्य रहिरहेको अवस्थामा सम्पत्तिमाथि महिलाको पहुँच सम्पन्न गराउँदा सामाजिक र सांस्कृतिक गतिविधिहरूमा महिला सहभागिता कस्तो रहनेछ र त्यसको प्रभाव कस्तो रहनेछ भनी उत्तरदाताहरूको विचार लिएको थिएँ जसमा प्राप्त विचारहरूलाई तलको स्तम्भ चित्र अनुसार विश्लेषण गरिएको छ ।

**चित्र ७.२**

**सम्पत्तिमाथि महिलाको पहुँचले सांस्कृतिक प्रभाव**




*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको चित्र अनुसार संस्कृतिमा कस्तो प्रभाव पार्दछ भन्ने प्रश्नको जवाफमा उत्तरदाताहरूको सकारात्मक धारणा रहेको पाइयो । जसमा ६७.२% उत्तरदाताहरू रहेका छन् । उनीहरूका अनुसार हरेक सामाजिक गतिविधिमा महिला सहभागितालाई प्राथमिकता दिइन्छ । सामाजिक विकास र सांस्कृतिक विकासका कार्यहरू अगाडि बढ्छन् । किनकी विगतमा महिला सहभागिताबिनाको विकासका कार्यहरू अलपत्र परेका थिए । महिला उपस्थिति न्यून रहन्थ्यो भने अब महिला सहभागिता वृद्धि हुने सहभागितामूलक संस्कृति विकास हुने र सहकार्य हुँदा सांस्कृतिक प्रभाव राम्रो हुन्छ भन्ने तर्क प्रस्तुत गरेका छन् । त्यस्तै २०.७% ले कुनै असर नपर्ने भन्ने धारणा प्रस्तुत गरेका छन् । जतिवेलासम्म महिलाहरूमा जागरुकता हुँदैन, चेतनाको विकास हुँदैन त्यो बेलासम्म केही फरक पर्दैन भन्ने तर्क राखेका छन् भने १२.१% नकारात्मक उत्तर प्रदान गरेका छन् । उनीहरूका अनुसार विगतमा जस्तो दाजुभाइ दिदीबहिनीहरूका बिचमा सौहार्दता हुँदैन अंश सम्बन्धमा झै-झगडा हुन्छ जसले गर्दा तिहार, तिज जस्ता चाडपर्वहरूको महत्त्व हुँदैन । क्रमशः संस्कृति बिनाशलाई उन्मुख हुने विचार प्रस्तुत गरेका छन् ।

## ७.५ सम्पत्तिमाथि महिलाको समान पहुँचलाई कार्यान्वयन

सम्पत्तिमाथि समान पहुँच कार्यान्वयन हुँदाको अवस्थामा देखिने राम्रा नराम्रा पक्षहरू वा यसलाई समाजले कसरी ग्रहण गरेको छ भनी हेर्न खोजिएकोमा उत्तरदाताहरूबाट प्राप्त उत्तरलाई निम्नानुसार विश्लेषण गरिएको छ ।

**तालिका नं. ७.३**

**पहुँच कार्यान्वयन पक्ष**

| प्रभाव | सङ्ख्या | प्रतिशत |
|---|---|---|
| यसका पक्ष र विपक्ष बिच द्वन्द सृजना हुन्छ | २२ | ३७.९ |
| समाजले राम्रोसँग स्वीकार्छ | १९ | ३२.८ |
| समाजले सजिलै स्वीकार गर्दैन | १७ | २९.३ |
| जम्मा | ५८ | १००.०० |

*स्रोत : क्षेत्र अध्ययन, २०६८*

माथिको तालिका अनुसार सम्पत्तिमाथि महिलाको समान पहुँच सम्बन्धी कानुनी व्यवस्था भै कार्यान्वयनमा आउँदाका अवस्थामा देखिने समस्याहरू र राज्य समाज र परिवारबाट त्यसको कार्यान्वयनमा सकारात्मक, नकारात्मक सोंच कस्तो रहेको छ भनी हेर्न खोजिएकोमा प्राप्त भएका उत्तरहरू कार्यान्वयनमा जाँदा यसका पक्ष र विपक्षहरू बिच द्वन्द्व उत्पन्न हुन्छ भन्नेहरूको सङ्ख्या ३७.९% रहेको पाइयो । उनीहरूका अनुसार पुरुषप्रधान सामाजिक मानसिकता रहेको समाजमा यसलाई सहज रूपमा आत्मसाथ गर्न गाह्रो छ ।

**निष्कर्ष**

माथि उल्लेखित तालिका तथा चित्रहरूको अध्ययनबाट प्राप्त निष्कर्षलाई तल बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

- सम्पत्तिमा समान पहुँच प्राप्त हुँदा समाज, परिवार र नातेदारीमा सकारात्मक प्रभाव पर्दछ भन्ने पाइयो ।
- सम्पत्तिमाथि महिलाको समान पहुँचलाई कार्यान्वयनमा ल्याउँदा सहज रूपमा स्वीकार गर्न गाह्रो हुने हुँदा सबैजना सचेत हुनुपर्ने भन्ने धारणा रहेको पाइयो ।
- सम्पत्तिमाथि महिलाको पहुँचको सकारात्मक प्रभावले समाज र देश विकासमा महत्वपूर्ण टेवा पुग्ने भन्ने रहेको पाइयो ।

# अध्याय आठ

# सारांश र सुझावहरू

## ८.१ सारांश

प्रस्तुत शोधपत्रमा सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी तनहुँ जिल्ला गजरकोट गा. वि. स. को एक समाजशास्त्रीय अध्ययन विषयमा तयार पारिएको हो । विगतमा महिला पुरुषबिचमा सम्पत्तिमा समान पहुँचमा गरिएको विभेदमा पुरुष सरह महिलालाई सम्पत्तिमा समान पहुँच दिँदा महिलाहरूको सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक प्रभावहरू नै यस अनुसन्धानको विषय बनेको छ । समय साधन स्रोतको अभाव जस्ता कुराहरूले गर्दा गजरकोट गा. वि. स. क्षेत्रभित्र रहेका १०+२ का विद्यार्थी शिक्षक र सरकारी कार्यालयका कर्मचारीहरूबिच गरिएको अनुसन्धानमा १८ वर्ष देखि ६५ वर्ष उमेर समूहका हिन्दू, बौद्ध धर्मावम्बी, एकल र संयुक्त उत्तरदाताहरू संलग्न रहेका छन् ।

सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा उत्तरदाताहरूको धारणा अनुसार सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा जानकारी रहेको भन्नेहरूको सङ्ख्या धेरै रहेको पाइयो । नेपालको सम्पत्ति कानुनका बारेमा राम्रो जानकारी नरहेको देखियो । सम्पत्तिमाथि महिलाहरूको पहुँच दिइनु राम्रो भएको भन्ने धारणा अधिकांश उत्तरदाताहरूको रहेको सम्पत्तिमाथि महिलाको पहुँच दिइएकोमा सकारात्मक सोंचाइ रहेको, कतिपयले महिलाको लागि सबैभन्दा महत्त्वपूर्ण कुरा शिक्षा हो भनेको र कतिपयले अवसर दिइनु पर्ने सोंचाइ समेत राखेको देखियो । महिला र पुरुषका बिच समान पहुँचको अवस्थाका बारेमा हेर्दा घरायसी कामकाजहरू र पारिवारिक निर्णयहरू गर्दा संयुक्त सरसल्लाह, सहकार्य र सहभागितामूलक रूपमा गर्ने गरेको भन्ने धारणा रहेको पाइयो । घर जग्गाको स्वामित्व घरायसी कामकाजहरू र पारिवारीक निर्णयहरू गर्दा संयुक्त रूपमा छलफलबाट सहकार्य र सहभागितामूलक रूपमा गर्ने गरेको भन्ने धारणा रहेको पाइयो । सम्पत्तिमाथि इच्छापत्र राम्रो भन्ने सोचाइ रहेको पाइयो । सम्पत्तिमाथि महिलाको पहुँच, महिलाहरूको सामाजिक, राजनैतिक, आर्थिक, शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरूमा क्रमशः सुधार हुँदै जाँदा सामाजिक सहभागितामा वृद्धि हुने, राजनैतिक क्षेत्रमा सहभागिता बढ्ने, शैक्षिक अवस्थामा सुधार आई व्यक्तित्व विकासमा सम्भावनाका ढोकाहरू खुल्ला भई सामाजिक विकास हुने, महिलाहरूमा आत्मबल, आत्मविश्वास र हौसलामा वृद्धि भई सबल, सक्षम हुने विचार व्यक्त गरेका छन् ।

मानव जीवन निर्वाह गर्नका लागि आर्थिक पक्षको महत्त्वपूर्ण भूमिका रहने हुँदा महिलाहरू आत्मनिर्भर र स्वावलम्बी बन्न र जीवनस्तर उकास्नका लागि सम्पत्तिमाथि महिलाको पहुँच पुरुष सरह समान हुनुपर्ने जसका कारण पारिवारिक सम्बन्ध, नातेदारी

सम्बन्ध, सामाजिक र सांस्कृतिक क्षेत्रमा संलग्नता बढ्दै गई सामाजिक विकास हुने । महिला माथि हुने सामाजिक भेदभावहरू घट्ने, अन्याय, अत्याचार र शोषणबाट मुक्ति पाउने भन्ने धारणाहरू पनि व्यक्त भएका थिए ।

मानव जीवन निर्वाहका लागि मेरुदण्डका रूपमा आर्थिक पक्ष रहेको र महिलाहरूको जीवनस्तर उठाउन सामाजिक सहभागिता वृद्धि गर्न स्वावलम्बी र सक्षम बनाई आत्मनिरर्भर बनाउन सम्पत्तिमाथि महिलाको पहुँचले सकारात्मक प्रभाव पर्ने निष्कर्ष रहेको छ । तर कार्यान्वयन पक्षमा जाँदा सहज रूपमा स्वीकार नगर्दा पक्ष र विपक्षका तर्फ संकेत गर्दै त्यसको सफल कार्यान्वयनको लागि जनचेतनामूलक कार्यक्रम संचालन गर्दै जानुपर्ने देखिन्छ । महिलाहरूले प्राप्त गरेको सम्पत्ति माथिको पहुँच दुरूपयोग नहोस् भन्नेतर्फ समेत सजग रहनुपर्ने देखिन्छ ।

## ८.२ निष्कर्ष

प्रस्तुत शोध अध्ययनद्वारा निम्नलिखित निष्कर्षहरू निकालिएको छ :

१. सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी व्यवस्थाको जानकारी रहेको पाइयो ।
२. सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी व्यवस्था गर्नु राम्रो भएको भन्ने पाइयो ।
३. महिला पुरुष दुबै सन्तान भएकाले सम्पत्तिमाथि पहुँच दिनुपर्छ । यसले महिलालाई हौसला बढ्दै आत्मनिर्भर बन्न सक्छन् भन्ने धारणा पाइयो ।
४. सम्पीत्तमाथि महिलाको पहुँच सँगै शिक्षा र अवसर समेत दिनुपर्ने धारणा पाइयो ।
५. घर जग्गाको कानुनी स्वामित्व केही हदसम्म महिलामा पनि रहेको पाइयो ।
६. सम्पत्ति माथिको पहुँचले महिलाको आत्मवल बढ्ने र हरेक क्षेत्रमा सहभागिता सक्रियतापूर्वक अघि बढ्न थप सहयोग दिने पाइयो ।
७. सम्पत्तिमाथि महिलाको पहुँचले सामाजिक भेदभाव घटाउने, अन्याय अत्याचार र शोषणको अन्त्य हुने ।
८. सम्पत्तिमाथि महिलाको पहुँच बढाउन पैतृक सम्पत्तिमा समान अधिकारले लैंगिक विभेदको अन्त्य गर्ने सकारात्मक प्रभाव पाइयो ।
९. समाजले सहज स्वीकार गर्दा कार्यान्वयनमा सफलता हुने भन्ने रहेको पाइयो ।
१०. समाजले अस्वीकार गर्दा कार्यान्वयनमा असहजता हुन सक्ने भन्ने पाइयो ।

११. सम्पत्तिमाथि महिलाको पहुँचको सकारात्मक प्रयासले समाज विकासको क्रममा महत्वपूर्ण टेवा पुग्ने पाइयो ।

### ८.३ सुझावहरू

सम्पत्तिमाथि महिलाको पहुँच बारेमा तयार गरिएको यस शोधपत्रमा प्राप्त तथ्याङ्कलाई विश्लेषण गरी पत्ता लगाइएका कुराहरू निम्नलिखित छन् ।

क) सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी कानुन कार्यान्वयनमा जोड दिनुपर्ने ।

ख) महिलाहरूको अवस्था दयनीय रहेका कारण सम्पत्तिमाथि महिलाको पहुँच सँगसँगै शिक्षा र अवसर लगायत सुबिधाहरू उपलब्ध गराउनुपर्ने ।

ग) सामाजिक रूपान्तरण गरेर महिला र पुरुषबिचको खाडललाई क्रमशः कम गर्दै पुरुष सरह सक्षम बनाउनु पर्ने ।

घ) जीवनका हरेक क्षेत्रमा महिलाको सक्रिय सहभागिता सुनिश्चित गरिनु पर्ने ।

ङ) महिला र पुरुषबिचको लैंगिक विभेद हटाउने खालका जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

च) शिक्षाको माध्यमबाट स्वभावमा परिवर्तन ल्याउनुपर्ने ।

छ) महिलाहरूको हक, हित र अधिकार सम्बर्द्धन गर्ने उद्देश्यले स्थापित संघ संस्थाहरूले स्थानीय तहसम्म महिलाहरूमा जागरणका कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने ।

ज) महिला अधिकारका बारेमा सबैलाई चेतना जगाउनु पर्छ ।

झ) प्रभवकारी कानुनको निर्माण गर्नु पर्छ ।

# सन्दर्भग्रन्थ सूची

### नेपाली स्रोत

आचार्य, वलराम (२०६२), *लैङ्गिक अध्ययन, तृ. सं.,* काठमाडौं : नेशनल बुक्स सेन्टर ।

ऐ-गेल्स, फ्रडरिक (२०५६), *परिवार निजी स्वामित्व र राज्यको उत्पत्ति,* काठमाडौं :प्रगति प्रकाशन ।

चालिसे, चक्रपाणी (२०३७), *मनुस्मृती,* काठमाडौं : नेपाल भाषा प्रकाशन समिति ।

जोशी, द्वारिकामान (२०५३), *साम्पत्तिक अधिकारको संवैधानिकता : संविधान सम्बन्धी लेखहरूको संगालो* । काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान ।

जोशी, हरिराम (२०३०), *नेपालको प्राचिन अभिलेख,* काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान ।

नेपाल अधिराज्यको संविधान, २०१५, काठमाडौं : कानून किताब व्यवस्थापन समिति ।

नेपाल अधिराज्यको संविधान, २०४७, काठमाडौं : कानून किताब व्यवस्थापन समिति ।

नेपालको अन्तरिम शासन विधान, २००७, काठमाडौं : कानून किताब व्यवस्थापन समिति ।

नेपालको अन्तरिम संविधान, २०६३, काठमाडौं : कानून किताब व्यवस्थापन समिति, नेपाल सरकार ।

नेपाल सरकारको वैधानिक कानुन, २००४, काठमाडौं : कानून किताब व्यवस्थापन समिति ।

नेपालको संविधान, २०१९, काठमाडौं : कानून किताब व्यवस्थापन समिति ।

नेपाली वृहत शब्दकोष, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४० ।

पन्त, हरेराम (२०५३), *नेपाली महिलाको संवैधानिक अधिकारको संरक्षण, संविधान सम्बन्धी लेखहरूको संगालो* । काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान ।

प्रधान, सपना मल्ल (१९९६), *सम्पत्ति सम्बन्धित कानुनको तुलनात्मक अध्ययन,* काठमाडौं : कानुनी सहयोग परामर्श केन्द्र महिला कानुन तथा विकास मञ्च ।

पौडेल, माधव (२०४५), *सार्वजनिक अन्तर्राष्ट्रिय कानुन,* काठमाडौं : नेपाल कानुन किताव कम्पनी प्रा.लि. ।

मुलुकी ऐन, १९१०, काठमाडौं : कानुनी किताब व्यवस्थापन समिति ।

मुलुकी ऐन, २०२० (२०६६ ) बाह्रौं संशोधन ।

यु. एन. ओ. (१९९९), संयुक्त राष्ट्र, वडापत्र, न्यूयोर्क ।

रेग्मी, जगदीशचन्द्र (२०५४), *नेपालमा न्यायिक परम्परा,* काठमाडौं : तन्नेरी प्रकाशन ।

लम्साल, नारायणप्रसाद (२०४५), *पारिवारिक कानुन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

लम्साल, नारायणप्रसाद (२०४६), *हिन्दू विधिशास्त्र,* काठमाडौं : पुस्तक संसार ।

वैद्य, रत्नकमल (२०३३), *राजनीतिक विज्ञान एक विवेचना,* काठमाडौं : रत्न पुस्तक भण्डार।

श्रेष्ठ, नरेन्द्रमान (२०४२), *सम्पत्ति कानुनको परिचय,* काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (२०५७), *सम्पत्ति कानुन,* काठमाडौं : पैरवी प्रकाशन ।

श्रेष्ठ, ज्ञाइन्द्र बहादुर (२०५०), *हिन्दू विधिशास्त्र र नेपालको कानुनी व्यवस्था,* काठमाडौं :

पैरवी प्रकाशन ।

सर्वोच्च अदालत (२०६३), सर्वोच्च अदालतबाट प्रतिपादित सार्वजनिक कल्याण सम्बन्धी केही महत्वपूर्ण नजिरहरू, भाग ८ ।

सिंह, टोपबहादुर (२०४८), *कानुनका सर्वमान्य सिद्धान्तहरू*, काठमाडौं : राजकीय प्रज्ञा प्रतिष्ठान ।

सिंह, विष्णुबहादुर (२०५२), *विश्वका प्रमुख संविधानहरू तथा संविधानवाद,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

त्रिपाठी, दिनेश, *अन्तर्राष्ट्रिय कानुनको सन्दर्भमा मानव अधिकार,* काठमाडौँ : पाठ्यसामग्री प्रकाशन ।

त्रिवर्षीय अन्तरिम योजना (२०६५-२०६७), राष्ट्रिय योजना आयोग, नेपाल सरकार ।

**अंग्रेजी स्रोत**

Black Hanry Compbel (1979), *Black's Law Dictionary*. Chicago: West Publishing Company.

Dicey, A.V. *An Introduction to the Study of Law of Constitution, 10th Ed.* London.

Dayal, S. (1957), *Constitution of India*. New Delhi: Saraswati Publication,.

HMG (1995). *The United Nation Fourth World Conference on Women Country Report of Nepal.*

Khanal, B. (2000), *Registration Nepalese Law*. Kathmandu: Bhrikuti Publication.

Pylee M.V. (2002), *Select Constitution of the World Unviersal Law Publishing*, Kathmandu.

The Hindu Adoption and Maintenance Act 1956.

UNDP (1990-1999). Human Development Report, New York.

UNDP (1995). Human Development Report, New York.

UNDP (2009). Human Development Report, New York.

Where, K.C. (1971), *Modern Constitution, 10th Edition.* London: Oxford University Press.

**घोषणापत्रहरू**

प्रतिवद्धता पत्र २०६४, ए. माओवादी काठमाडौं ।

घोषणापत्र २०६४, ने. क. पा. एमाले काठमाडौं ।

घोषणापत्र २०६४, नेपाली कांग्रेस, काठमाडौं ।

घोषणापत्र २०६४, मधेशी जनाधिकार फोरम नेपाल, काठमाडौं ।

घोषणापत्र २०६४, राष्ट्रिय प्रजातन्त्र पार्टी, काठमाडौं ।

# अनुसूची १

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र/मानवशास्त्र विभागद्वारा पृथ्वीनारायण क्याम्पस, पोखरा**

**स्नातकोत्तर उपाधि प्राप्तिका लागि पेश गर्ने शोधपत्र अध्ययनको लागि तयार पारिएको**

**प्रश्नावली फारम**

**विषय : सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी समाजशास्त्रीय अध्ययन**

म शिवभक्त सिग्देलले यी प्रश्नपत्रहरू केवल मेरो स्नातकोत्तर उपाधीको प्रयोजनको लागि प्रयोग गर्नका लागि तपाईहरू समक्ष प्रस्तुत गरेको छु । तपाईहरूले दिनुभएको उत्तरहरू पूर्णतः गोप्य रहने प्रतिवद्धता गर्दछु । साथै प्रस्तुत गर्नुभएका उत्तरहरूको प्रयोजन सोही शोधपत्रका लागि मात्रै सिमित रहने व्यहोरा अवगत गराउँदछु ।

उत्तरदाताको नामथर : लिङ्ग : पु. ☐ म. ☐

अञ्चल : उमेर :

जिल्ला : जातजाति :

गा. वि. स. ⁄ न. पा. : धर्म :

वडा नं. : पेसा ⁄ व्यवसाय

**१. व्यक्तिगत विवरण**

| क्र.सं. | परिवारका व्यक्तिको नामथर | लिङ्ग | उमेर | वैवाहिक स्थिति | शिक्षा | पेसा ⁄ व्यवसाय | उत्तरदातासँगको नाता सम्बन्ध |
|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | |
| २. | | | | | | | |
| ३. | | | | | | | |
| ४. | | | | | | | |
| ५. | | | | | | | |
| ६. | | | | | | | |
| ७. | | | | | | | |
| ८. | | | | | | | |
| ९. | | | | | | | |
| १०. | | | | | | | |

तपाईको नगदी आम्दानी छ वा छैन ? क) छ ख) छैन

**प्रश्नहरू :**

१. तपाईलाई सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी जानकारी छ ?

क) थाहा छ ख) थाहा छैन ग) राम्रारी थाहा छैन

२. नेपालको साम्पत्तिक कानुन सम्बन्धमा तपाईलाई थाहा छ कि छैन

क) थाहा छ ख) थाहा छैन ग) अलि अलि थाहा छ

३. सम्पत्तिमाथि महिलालाई पहुँच दिनुपर्छ ?

क) पर्छ ख) पर्दैन ग) दुबैलाई दिनुहुँदैन

४. तपाईको विचारमा महिलालाई सम्पत्तिको पहुँचमा पुऱ्याउनुपर्छ वा अरू कुनै ?

क) पहुँच ख) शिक्षा ग) अवसर

५. सम्पत्तिमाथि महिलालाई पहुँचमा समान अवसर दिने कुरा कस्तो लाग्दछ ?

क) राम्रो ख) नराम्रो ग) भन्न चाहन्न

६. सम्पत्तिमाथि महिलाको पहुँच हुनु पर्छ ? किन ।

क) ..............................................

ख) ..............................................

ग) ..............................................

७. सम्पत्तिमाथि महिलाको पहुँच दिनु पर्दैन ? किन ।

क) ..............................................

ख) ..............................................

ग) ..............................................

८. सम्पत्तिमा महिलाको पहुँच हुँदा कस्तो प्रभाव पर्छ ?

क) ..............................................

ख) ..............................................

ग) ..............................................

९. यसबाट महिलाहरू पुरुष सरह सक्षम स्वावलम्बी र आत्मनिरर्भर हुन्छन् ?

क) हुन्छन् ख) हुँदैनन् ग) जस्ताको तस्तै हुन्छ

१०. यसबाट महिलामाथि हुने शोषण अन्त्य हुन्छ ?

क) अन्त्य हुन्छ ख) शोषण हुन्छ ग) परिवर्तन हुन्छ

११. तपाईको परिवारमा घरजग्गा कसको नाममा रहेको छ ?

क) पुरुष ख) महिला ग) दुबैमा

१२. तपाईको घर कसको नाममा छ ?

क) महिला ख) पुरुष ग) दुबैमा

१३. सम्पत्तिमाथि महिलाको पहुँच हुँदा महिला विरुद्ध हुने भेदभावमा फरक पर्छ ?

क) पर्छ ख) पर्दैन ग) भन्न सकिन्न

१४. तपाईको परिवारमा पारिवारिक निर्णय कसले गर्दछ ?

क) महिला ख) पुरुष ग) दुबैले

| क्र. सं. | निर्णय गर्ने विषय | महिला | पुरुष | संयुक्त छलफलबाट |
|---|---|---|---|---|
| १. | छोरा छोरीलाई स्कुल भर्ना गर्ने | | | |
| २. | घरजग्गा किनवेच गर्ने | | | |
| ३. | वैवाहिक कार्यको निर्णय गर्ने | | | |
| ४. | कार्यको छनोट (पेसा/व्यवसाय) | | | |
| ५. | बजारबाट सामान खरिद गर्ने | | | |
| ६. | बच्चा बच्ची जन्माउने/नजन्माउने | | | |

१५. विदेशमा जस्तो सम्पत्तिमा इच्छापत्र ठिक छ कि छैन ?

क) ठिक छ ख) ठिक छैन ग) भन्न सकिन्न

१६. तपाईसँग भएको सम्पत्ति कसलाई दिनुहुन्छ ?

क) छोरा ख) छोरी ग) दुबैलाई

१७. सम्पत्तिमाथि महिलाको पहुँच हुँदा पारिवारिक सम्बन्धमा कस्तो प्रभाव पर्ला ?

क) राम्रो ख) नराम्रो ग) पहिले जस्तो

१८. सम्पत्तिमाथि महिलाको पहुँच हुँदा अविवाहिता महिलाप्रति हुने व्यवहारमा फरकपना ल्याउँदछ ?

क) ल्याउँदछ ख) ल्याउँदैन ग) भन्न सकिन्न

१९. यसबाट नातेदारी सम्बन्ध कस्तो हुन्छ ?

क) राम्रो हुन्छ ख) नराम्रो हुन्छ ग) केही फरक पर्दैन

२०. सम्पत्तिमाथि महिलाको पहुँचले संस्कृतिमा कस्तो प्रभाव पर्ला ?

क) राम्रो प्रभाव पार्छ ख) प्रभाव पार्दैन ग) नराम्रो प्रभाव पार्छ

२१. सम्पत्तिमाथि महिलाको समान पहुँचले सामाजिक संरचनामा कस्तो प्रभाव पर्ला ?

क) राम्रो प्रभाव ख) नराम्रो प्रभाव ग) प्रभाव पार्दैन

२२. सम्पत्तिमाथि महिलाको पहुँच सफल कार्यान्यन गर्नका लागि आवश्यक सुझाव दिनुहोस् ।

..........................................................................................................................................

**सहयोगको लागि धन्यवाद !**